मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

कोरियन भाषा
का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सलटेन्सी
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०८

◆ वर्ष : २४ ◆ अङ्क : ३१२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज ११ गते शनिबार (Saturday, September 28. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## पत्रकार दिपीन घाइते



**बिर्तामोड, असोज १०।** यलम्बर टाइम्सका सम्पादकतथा फोनिज प्रदेश १का इञ्चार्ज दिपीन राई

(बाँकी अन्तिम पृष्ठमा)

# जग्गा व्यापारीको चलखेल, 'धान सुपर जोन' प्रभावित

पार्थ मण्डल

**भद्रपुर, असोज १०।** जग्गा कारोबारीको निजी स्वार्थले भद्रपुर नगरपालिका क्षेत्रमा 'धान सुपर जोन' कार्यक्रमलाई प्रभावित पार्ने चलखेल शुरु भएको छ ।

भद्रपुर नगरपालिकाले वडा नम्बर ४ र ६ लाई धान सुपर जोन क्षेत्र विस्तार गर्ने निर्णय गरेसँगै जग्गा कारोबारीले स्वार्थ पूरा गर्न केही समूहले जग्गाधनी र कृषकलाई उचालेर नगरको दुई वडामा धान सुपर जोन कार्यक्रम लागू हुन नदिने चलखेलमा लागीपारेको खुलेको हो ।



मेची पुल जोड्ने हुलाकी राजमार्ग र मेची राजमार्गको चारआली-केचना सडकखण्ड छोएको वडा नम्बर ४ र ६मा धान सुपर जोन कार्यक्रम लागू भएपछि लाखौं मूल्यमा बिक्री हुने जमिन बेचबिखन गर्न नपाइने हल्ला फैलाएर जग्गाधनीलाई उचालेको स्थानीयवासी बताउँछन् । हुलाकी र मेची राजमार्ग जोडिएको झापा चोक वरिपरि भद्रपुरका ठूला उद्योगी र व्यापारीको जमिन छ । सो क्षेत्र धान सुपर जोन घोषित भएपछि आफ्नो जमिन प्लटिङ गरेर बेचबिखन गर्न नपाइने भएपछि त्यहींबाटै विरोध शुरु भएको हुनसक्ने स्रोतको दाबी छ ।

भद्रपुर-४का स्थानीय हेमलाल भट्टराईका अनुसार सयपत्री भूमिगत जल उपभोक्ता समिति भद्रपुरले वडा नम्बर-४मा धान सुपर जोन कार्यक्रम लागू गर्नुपर्छ भनी भदौ २३ गते ४ नम्बर वडा कार्यालयमा भएको बैठककै निर्णय अनुसार सिफारिस गरेको हो । समितिका कोषाध्यक्ष समेत रहेका भट्टराईले भने- '४ नम्बर वडामा धान सुपर जोन कार्यक्रम रोक्ने मेरो उद्देश्य होइन, यो कार्यक्रम यसै वडामा लागू हुनुपर्छ ।' 'वडा कार्यालयले नगरपालिकालाई सिफारिस गर्नुअघि यस क्षेत्रका कृषक तथा जग्गाधनीसँग छलफल गरेर अघि बढेको भए न वडा कार्यालयमा उजुरी पर्थ्यो, न त अहिले यस्तो विवाद उत्पन्न हुन्थ्यो'- उनले थपे । व्यक्तिगत रिसइवी र केही समूहले जमिन बिक्री नहुने हल्ला फैलाएर धान सुपर जोन कार्यक्रम

(बाँकी अन्तिम पृष्ठमा)

# 'हनि ट्र्याप'का आरोपी चारै जना थुनामा

**बिर्तामोड, असोज १०।** युवतीको प्रयोग गरी (हनि ट्र्याप) बिर्तामोडका एक व्यवसायीलाई ४० लाख रुपैयाँ नदिए ज्यान मार्ने धम्की दिएको आरोपमा पक्राउ परेका चार व्यक्ति पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

बिर्तामोड नगरपालिका-४मा मोटरसाइकलको रिकण्डिशन हाउस सञ्चालन गर्ने २९ वर्षीय मेराज खान, इलाम फाकफोकथुम-१ घर भई हाल बिर्तामोड-२ चारपाने बस्ने रितु फियाक, भारतको दार्जीलिङस्थित खोरीबारी ठेगाना बताउने २७ वर्षीय सञ्जु क्षेत्री भन्ने सुजन शंकर र बिर्तामोड-४का २५ वर्षीय प्रकाश दासलाई शुक्रवार जिल्ला अदालत झापाले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहन थापाले जानकारी दिए ।

उनीहरुलाई बिर्तामोडका एक व्यवसायीलाई युवतीको प्रयोग गरी अपहरण गरेको र नाङ्गो भिडियो बनाएर ४० लाख फिरौती माग गरेको आरोपमा प्रहरीले गत असार ३ गते पक्राउ गरेको थियो ।


## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा


**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

## पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **असोज ११** गते काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

## हार्दिक बधाई तथा शुभकामना



गोपाल पोखरेल
GPA 3.73



सुस्मिता राई
GPA 3.23

यस विद्यालयबाट २०७५ सालको कक्षा ११को बार्षिक परीक्षामा सम्भवतः झापा जिल्लाकै सर्वोत्कृष्ट G.P.A. प्राप्त गर्ने बिज्ञान समूहतर्फ बिद्यार्थी **गोपाल पोखरेल र** शिक्षा समूहतर्फ **सुस्मिता राई** लगायत आवश्यक न्यूनतम् ग्रेड प्राप्त गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै शैक्षिक प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

**महेन्द्र-रत्न माध्यमिक विद्यालय परिवार**, बिर्तामोड-३, बिर्ताबजार, झापा

## बाल रोग विशेषज्ञ डाक्टर आउने बारेको सूचना

**डा. धर्मपाल राय**
MBBS, MD (Ped) K.U.
PGPN, Boston University (USA)
Traning in Ped. Asthma (IAP), (NMC 5550)

वरिष्ठ नवजात शिशु, बालरोग तथा बाल पोषण विशेषज्ञ
विहान ८ बजेदेखि ९ बजेसम्म बेलुका ५ बजेदेखि ७ बजेसम्म दैनिक सेवा

सम्पर्कः साथी मेडिको एण्ड साथी डाइगोनोष्टिक सेन्टर
भद्रपुररोड, बिर्तामोड, झापा (सिद्धार्थ बैंक अगाडि)
फोन नं. ०२३-५४६३६४, ५४४०१३, ९८२४०३८६१६

## FAMILY CLINIC

Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
(Gold Medalist)
MD. (GYNAE & OBST) (KOL), MRCOG-1 (LONDON), DNB

नि:सन्तान दम्पत्तिको लागि राम्रो खबर छ
आल्ट्रा माँडर्न टेस्ट ट्यूब बेबी केन्द्र



.आई.भी.एफ. - IVF
इक.सी. - ICS
आई.यू.आई. - IUI

सबै प्रकारकी स्त्रीरोग चिकित्साको लागि सम्पर्क राख्ने ।
METROHEIGHT, 3RDFLOOR, DONBOSCOMORE, SEVOKEROAD, SILIGURI-734001
PH. 0353-2545544, MOB. 9800983790, QUERY: 8372801570, WWW.FAMILYCLINICSILIGURI.COM
माँ हनुर को सपना अब सफल हुनछ ।



# भ्रमण वर्ष सफल पार्न मिनी म्याराथुन



**बिर्तामोड, असोज १०।** नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन रोटरी क्लव अफ सुरुङ्गा र सुरुङ्गा जेसीजले संयुक्त रुपमा आयोजना गरेको मिनी म्याराथुन दौड प्रतियोगितामा पुरुषतर्फ किरण लिम्बू र महिलातर्फ रुपा दाहाल प्रथम भएका छन् ।

झापाको दुर्गापुरदेखि सुरुङ्गा चोकसम्मको चार किलोमिटर दौडमा पुरुषतर्फ लिम्बू र महिलातर्फ दाहाल प्रथम भएका हुन् । दौडमा प्रथम भएसंगै उनीहरुले नगद सात हजार, ट्रफी र प्रमाणपत्र हात पारे । त्यस्तै प्रतियोगिताको पुरुषतर्फ याङ्देव राई दोस्रो, युवराज लिम्बू तेस्रो र लक्ष्मण अधिकारी सान्त्वना भए । दोस्रो र तेस्रो हुनेले क्रमशः पाँच हजार र तीन हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरे । त्यस्तै महिलातर्फ सुस्मिता लिम्बू दोस्रो, सरिता सेर्पा तेस्रो र मनिषा राई सान्त्वना भए । दोस्रो र तेस्रो हुनेलाई क्रमशः पाँच हजार र तीन हजार रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रतियोगितामा महिला र पुरुष गरी एकसय जनाको सहभागिता रहेको रोटरी क्लब अफ सुरुङ्गाका अध्यक्ष कुमारमणि पोखरेलले जानकारी दिए । प्रतियोगिताका विजेतालाई कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दीनेशराज मैनालीले नगदसहित प्रमाणपत्र प्रदान गरेका थिए ।

नेपाल सरकारले पर्यटन वर्ष २०२०लाई सफल पार्दै स्थानीयस्तरका पर्यटकीय क्षेत्रको प्रचारप्रसार र आन्तरिक पर्यटनलाई समेत टेवा पुऱ्याउन कार्यक्रम आयोजना गरिएको पोखरेलले बताए ।

सुरुङ्गा जेसीजले विगतका वर्षदेखि नै कार्यक्रमको आयोजना गर्दै आएको सुरुङ्गा जेसीजका अध्यक्ष कमल कट्टेलले बताए ।

# व्यवसाय बन्द गराएको आरोप



**बिर्तामोड, असोज १०।** हनुमान सेन्ट्रल सञ्चालकले सम्झौता विपरीत काम गर्दा आफूहरुको व्यवसाय धरासायी बनेको हनुमान सेन्ट्रल व्यापार विकास समितिका अध्यक्ष सविन कार्कीले बताएका छन् ।

बिर्तामोडमा शुक्रवार पत्रकार सम्मेलन गर्दै उनले हनुमान सेन्ट्रल नवदीप जग्गा विकास कम्पनी प्रालिका सञ्चालक रमेशकुमार सरियाले लोटस गेमजोन सञ्चालनका लागि सम्झौता गरिएकोमा सम्झौता अनुसार आफूहरुलाई व्यवसाय सञ्चालन गर्न नदिएको बताए ।

प्रालि र व्यवसायी बीचको विवादका कारण तीन महिनादेखि गेम जोन बन्द छ- पत्रकार सम्मेलनमा बोल्दै गेमजोनका सञ्चालक देबीप्रसाद भट्टराईले भने- हनुमान सेन्ट्रलका सञ्चालक सरियाको योजना अनुसार १३ जना व्यवसायी मिलेर २०७५ असोजबाट करिब ७० लाख रुपैयाँको लागतमा गेमजोन सञ्चालन गरेका थियौं, अहिले उनकै कारण हाम्रो व्यवसाय बन्द छ ।

## तिर धनुस प्रतियोगिता

**बिर्तामोड, असोज १०।** बिर्तामोड नगरपालिका खेलकुद विकास समितिको आयोजनामा वडास्तरीय भलिबल तथा तीर धनुस प्रतियोगिता शुरु भएको छ ।

वडा नं. १०स्थित बिराट आधारभूत बिद्यालयको प्राङ्गणमा सो प्रतियोगितको नगर प्रमुख ध्रुबकुमार शिबाकोटी लगायतले शुभारम्भ गरेका थिए । प्रतियोगिताको उद्घाटन प्रमुख, उपप्रमुख लगायत वडाध्यक्षहरुले तीर धनुस चलाएर गरेका थिए ।

वडास्तरीय भलिबल प्रतियोगिताका क्रममा पहिलोपटक नगरले तीर धनुस प्रतियोगिताको आयोजना गरेको नगर खेलकुद विकास समितिका अध्यक्ष टीका संग्रौलाले बताए । बिर्तामोड नगरपालिकाले खेलकुद विकास समिति गठन गरेर बिभिन्न खेलकुदका क्रियाकलाप सञ्चालन गरिरहेको छ ।

## 'खुदिमु' राष्ट्र घोषणा गरिंदै

**झापा, असोज १०।** नेपाललाई खुला दिसामुक्त राष्ट्र घोषणा गरी पूर्ण सरसफाईतर्फ अग्रसर हुने प्रतिबद्धता जाहेर गरिने भएको छ ।

आगामी सोमबार राष्ट्रियसभागृहमा आयोजित कार्यक्रममा सो घोषणा गर्न लागिएको हो । सो विषयमा शुक्रवार आयोजित कार्यक्रममा खानेपानी तथा सरसफाईमन्त्री बीना मगरले यो अभियान गाउँ-गाउँसम्म पुग्नु नै उपलब्धिपूर्ण भएको बताइन् । मन्त्रालयका सचिव माधव बेल्बासेले यो अभियान दीर्घकालीन महत्वको भएको भन्दै बाढी तथा पहिरोलगायत प्रकृतिक प्रकोपले अभियानमा बाधा पुऱ्याएको बताए ।

सरकारले २०६८देखि खुला दिसामुक्त क्षेत्र घोषणा शुरु गरेको हो । विसं २०६९ मा कास्की नेपालको पहिलो खुला दिसामुक्त जिल्ला घोषणा भएको थियो । सरकारले चालू आवको नीति तथा कार्यक्रममा देशका बाँकी सबै पालिका र जिल्ला खुला दिसामुक्त घोषणा गरेको थियो । अहिले देशका झण्डै सबै घरधुरीमा सरसफाईको आधारभूत सुविधा तथा शौचालयको पहुँच पुगेको राष्ट्रिय सरसफाई तथा स्वच्छता समन्वय समिति सचिवालयले जनाएको छ । देशभर कूल ५६ लाख ६० हजार दुई सय १४ घरधुरीमा शौचालय निर्माण भएको मन्त्रालयले जनाएको छ ।

## छोटकरी

### कौडा खेल्ने पक्राउ

**भोजपुर, असोज १०।** कौडा खेलिरहेको अवस्थामा भोजपुरमा १२ जना पक्राउ परेका छन् ।

षडानन्द नगरपालिका-१ बार्ता बस्ने एकराज कार्कीको घरमा कौडा खेलिरहेका कार्की लगायत १२ जनालाई नगद १८ हजार ७ सय रुपैयाँ र १६ थान कौडासहित बिहीबार राति प्रहरीले पक्राउ गरेको हो ।

अस्थाई प्रहरी चौकी कात्तिकेघाटबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो ।

### फरार १३ जना नियन्त्रणमा

**काठमाडौं, असोज १०।** विभिन्न मुद्दाका फरार त्रियुगा नगरपालिका-१० बस्ने २० वर्षीय अबिलाश राई लगायत १३ जना प्रतिवादीहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय उदयपुरबाट खटिएको प्रहरीले उनीहरुको घर, ठेगानाबाट उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत उदयपुर गाईघाट पठाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

त्यस्तै जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी काभ्रे नवबुद्ध-१० बस्ने शम्शेर तामाङलाई पनि प्रहरीले पक्राउ गरेको छ । तामाङलाई जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले पोखरा महानगरपालिका बैदामबाट पक्राउ गरेको हो ।

### ओछ्यानमा रिभल्वर भेटेपछि...

**रौतहट, असोज १०।** चन्द्रपुर नगरपालिका-१ बागमती गैह्रीगाँउ बस्ने ५७ वर्षीय मणिराज श्रेष्ठलाई रिभल्वर १ थान र सोको गोली १ राउण्डसहित बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

विशेष सूचनाको आधारमा इलाका प्रहरी कार्यालय चपुरबाट खटिएको प्रहरीले उनको घरमा तलासी गर्दा उनी सुत्ने ओछ्यानमुनि उक्त रिभल्वर र गोलीसहित फेला पारी उनलाई पक्राउ गरेको हो ।

### १० लाख क्षति

**सुनसरी, असोज १०।** सुनसरीको रामधुनी नगरपालिका-६ नुनीगाउँका मदनकुमार खड्काको घरमा आगलागी हुँदा अन्दाजी १० लाख रुपैयाँ बराबरको क्षति भएको छ ।

अचानक बिद्युत्को तार सर्ट भएर खड्काको घरमा आगलागी भई निजको टिनको छाना भएको १ तले कच्ची घर पूर्ण रुपमा जलेर नष्ट हुँदा उक्त मूल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

आगलागीमा परी खड्काको २ वटा बाख्राको पाठा समेत जलेर मरेको तथा प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# बडादशैंमा १० दिनका शुभ साइत



**झापा, असोज १०।** नेपाल पञ्चाङ्ग निर्णायक समितिले बडादशैंका १० दिनका शुभसाइतहरुको जानकारी दिएको छ ।

समितिका अनुसार घटस्थापनाको शुभसाइत आइतबार बिहान १०: ३५ मा रहेको छ । असोज १३ गते सोमबार झण्डा फेर्नको लागि १०:२५ को समय शुभ हुने उल्लेख गर्दै सोही अनुसार व्यवस्थापन गर्न मातहतका कार्यालयलाई जानकारी गराइएको छ ।

असोज १६मा श्रीपचली भैरवयात्रा, १८ गते फूलपाती तथा श्रीतुलजाभवानी यात्राको साइत बिहान ८:५२ बजे हुने जानकारी गराइएको छ ।

असोज २१मा विजयादशमी, देवी बिसर्जन बिहान ८:४५ को साइत शुभ रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिलाई उद्धृत गर्दै गृह मन्त्रालयले जनाएको छ ।

विजयादशमीको टीकाका लागि उत्तम साइत बिहान १०:३५ बजे, सोही दिन श्रीतुलजाभवानी यात्रा बिहान १०:४७ बजे र स्थिरासन बिहान ११:२१मा खड्गयात्रा हुने जनाइएको छ ।

# चन्द्रगढी सेमीफाइनलमा



**अर्जुनधारा, असोज १०।** झापाको अर्जुनधारा-१ सिस्नेमा जारी प्रथम शहीद टेक-मान स्मृति प्रदेशस्तरीय नकआउट फुटबल प्रतियोगिताको शुक्रबार सम्पन्न खेलमा चन्द्रगढी फुटबल एकाडेमी विजयी भएको छ ।

स्थानीय शहीद टेक-मान रंगशालामा भएको खेलमा नयाँ श्रीनाथ गण चारआलीलाई टाइब्रेकरमा ४-२ गोलअन्तरले पराजित गर्दै चन्द्रगढी विजयी भएको हो । यो जीतसँगै चन्द्रगढी प्रतियोगिताको सेमीफाइनलमा पुग्ने पहिलो टोली पनि बनेको छ ।

निर्धारित समयमा दुवै टोलीले गोलरहीत बराबरी खेलेपछि निर्णय टाइब्रेकरबाट लिइएको थियो । जसमा चन्द्रगढीका लागि मित्र बस्नेत, कर्ण लिम्बू, प्रमोद चौधरी र योगेश लिम्बूको प्रहार गोलमा परिणत भएको थियो भने श्याम मुर्मूको प्रहार विपक्षी गोलरक्षकले बचाउ गरेका थिए ।

त्यस्तै, नयाँ श्रीनाथ गणका बुद्धराज आङ्देम्बे र डेविड चौधरीको प्रहारमात्र गोलमा परिणत भएको थियो । प्रवेश राईको प्रहार क्रसबारमा लाग्दै बाहिरियो भने किरण बस्नेतको प्रहार चन्द्रगढीका गोलरक्षकले बचाएका थिए ।

खेलको म्यान अफ द म्याच चन्द्रगढीका प्रमोद चौधरी घोषित भए । उनलाई झापा ११ एफसीका महासचिव केशवराज दाहाल र आयोजक क्लबका अध्यक्ष कृष्ण लोहारले नगद ३ हजार पुरस्कार प्रदान गरे ।

आज शनिबारको खेल क्षेत्रीय सशस्त्र प्रहरी बल पकली र सैनिक युथ क्लबबीच हुने प्रचारप्रसार उपसमितिका संयोजक डीबी दर्नालले जानकारी दिए ।

## जग्गा ...

सार्न खोजिएको उनले बताए । 'झापाचोकमा भद्रपुरकै ठूला उद्योगी र व्यापारीको सयौं बिगाह जमिन रहेकोले समस्या ल्याउन खोजिएको हो'- उनले भने- 'यसले गर्दा जो किसान हो, त्यसले राज्यको सुविधा पाउनबाट बञ्चित हुनुपर्छ ।'

**सुपरजोनमा असहमति जनाउँदै वडा कार्यालयमा निवेदन**

४ र ६ वडा नम्बरमा धान सुपर जोन कार्यक्रम लागू हुने भएपछि जग्गाधनीहरूले दुई वटै वडा कार्यालयमा कार्यक्रम रोक्न माग गर्दै निवेदन दिएका छन् । उनीहरुले सुपर कृषि जोन योजनामा सहमति नभएको भन्दै १२९ जनाले हस्ताक्षर गरेको निवेदन भदौ ३० गते वडा कार्यालयमा बुझाएका थिए ।

जग्गाधनीहरूको स्वीकृति बेगर वडा नं. ४का मेहरमान विष्टको अध्यक्षतामा सुपर कृषि जोन योजना बनाउने प्रपञ्च गरेको स्रोतले दावी गरेको छ । नगरवासीलाई औद्योगिक क्षेत्र वा नगर विकास योजना बनाउनुपर्नेमा पिछडिएको वर्ग बनाउने र अँध्यारोमा पार्ने नियत गरी पैसा कमाउने नियत गरेको स्रोतले आरोप लगाएको छ । वडा नम्बर ४ को वडा कार्यालय पूर्व उत्तर झापाचोकदेखि पश्चिम दक्षिण झिलमिलिया खोलादेखि पश्चिम बद्री वस्तीदेखि उत्तर वडा नम्बर ६को पुरै भागभित्र उक्त योजना नपरोस् भनी जग्गाधनीहरूले संयुक्त निवेदन दिएको बताइएको छ ।

यता उद्योगी यमबहादुर श्रेष्ठले मेची तथा हुलाकी राजमार्ग जोड्ने ४ र ६ नम्बर वडामा औद्योगिक तथा व्यापारिक क्षेत्र विस्तार गर्नुपर्ने भन्दै धान सुपर जोन कार्यक्रमको कुनै औचित्य नभएको बताएका छन् । नगरपालिकाले गरेको निर्णय खारेजीको माग राख्दै उनले भने- 'धान सुपर जोन कार्यक्रम सरकारले लागू गरे पनि धान खरिद बिक्री केन्द्र सरकारले नबनाउञ्जेल कृषक र उद्योगी दुवै मारमा परेका छन् ।'

**यस्तो छ नगरपालिकाको निर्णय**

सरकार झापाको कचनकवल गाउँपालिकाबाट शुरु गरेको धान सुपर जोन क्षेत्रलाई यही चालू आर्थिक वर्ष २०७६/०७७ देखि जिल्लाका १५ वटै स्थानीय तहमा विस्तार गर्ने योजनाका साथ अघि बढेको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई झापाले धान सुपर जोनलाई जिल्ला व्यापी विस्तार गर्न सम्बन्धित पालिकाहरूलाई पकेट क्षेत्र निर्धारण गरिदिन पत्राचार गरिसकेको छ । परियोजना कार्यान्वयन इकाई झापाले पठाएको पत्रको आधारमा भद्रपुर नगरपालिकाले नगरको १० वटा वडामध्ये ४ र ६ नम्बर वडामा धान सुपर जोन क्षेत्र विस्तार गर्ने निर्णय गरेको थियो ।

आर्थिक विकास समितिका संयोजक विभाग पासवानको अध्यक्षतामा बसेको बैठकले यस्तो सो निर्णय गरेको थियो । परियोजना कार्यान्वयन इकाई झापाको पत्र अनुसार नगरपालिकाबाट पनि बढीमा २०० हेक्टर क्षेत्रफलको क्लस्टर निर्माण गरी पठाउने निर्णय गर्दै नगरपालिकाले चार किल्ला तोक्दै पूर्वतर्फ अपाङ्ग संघको कार्यालय, पोखरी डाँडादेखि श्रीजंगा हाटबजारसम्म, पश्चिमतर्फ माझी टोल, मावोचोक, करेला चोक, फागोचोक, मायालु वन हुँदै रंगियाडाँडासम्म, उत्तरतर्फ मन्त्रीचोकदेखि कैलाशेश्वर मन्दिर, मोतीयाबाडी, जगदम्बा, झापाचोकको पेट्रोल पम्पसम्म र दक्षिणतर्फ श्रीजंगा हाटबजारको उत्तरी भाग क्षेत्र कायम गरेको छ । साथै नगरपालिकाले मेची लोकमार्ग, हुलाकी राजमार्ग आसपासका आवास क्षेत्र बाहेक र राष्ट्रिय आवास कम्पनीको आवास क्षेत्र बाहेकका क्षेत्रलाई सुपर जोन बनाइने निर्णयमै उल्लेख छ ।

**के भन्छन् जनप्रतिनिधि ?**

नगरपालिकाले दुई वटा वडामा धान सुपर जोन कार्यक्रम लागू गर्ने भदौ २४ गते निर्णय गरेको ४ नम्बर वडाध्यक्ष हंशधर राजवंशीले बताए ।

उनका अनुसार सोही निर्णय बमोजिम वडा समितिको बैठकले भदौ २५ गते सयपत्री भूमिगत जल उपभोक्ता समिति अन्तर्गत खेती प्रणाली एवम् विकासका लागि धान सुपर जोन वा पकेट क्षेत्रको लागि धनीपूर्जा संकलन कार्य तथा सम्बन्धित निकायहरूमा विकास, सहभागिताका लागि समितिका कोषाध्यक्ष हेमलाल भट्टराईलाई प्रतिनिधित्व गर्न बैठकले भद्रपुर नगरपालिकालाई सिफारिस गरेको थियो । वडा कार्यालयले नगरपालिकालाई धनीपूर्जा सङ्कलनका लागि सिफारिस गरेसँगै स्थानीय जग्गाधनीले भदौ ३० गते वडा कार्यालयमा निवेदन दर्ता गराएकोले सुपर जोन कार्यक्रम विवादित बन्न पुगेको वडाध्यक्ष राजवंशीले बताए ।

यस विषयमा वडा कार्यालयले तोकेको प्रतिनिधिले समेत विरोध जनाएपछि विवाद बल्झिएको बताउँदै उनले भने- 'धान सुपर जोनले जनप्रतिनिधि र स्थानीय जग्गाधनीबीच विवाद खडा गरेकोले यस विषयमा परियोजना कार्यान्वयन इकाई झापाकै प्रतिनिधि आएर नीति र नियमको बारेमा प्रष्ट्याउनु पर्छ ।' 'सुपर जोन वडामा लागू भए यहाँकै कृषकलाई फाइदा पुग्ने बताउँदै उनले भने- 'वडाबाट केही गल्ती भएको छैन, निर्णय नगरपालिकाले गरेको हो, यहाँका जग्गाधनी र जनप्रतिनिधिबीच असमझदारी हुँदा समस्या देखिएको हो ।' विवाद उत्पन्न भए पनि तत्काललाई धान सुपर जोन कार्यक्रम वडामा सञ्चालन नगर्ने भनी वडाले असोज ५ गते निर्णय गरेको उनले बताए ।

## पत्रकार ...

सवारी दुर्घटनामा परेका छन् ।

बिर्तामोडबाट शनिश्चरेतर्फ आउँदै गरेको मे१ह ६३५३ नम्बरको सिटीसफारी (बिक्रम टेम्पो)ले बिर्तामोडतर्फ जाँदै गरेका मे११प ५०१४ नम्बरको मोटरसाइकलमा सवार राईलाई शनिश्चरे बजारमा ठक्कर दिएको हो । दुर्घटनामा परेका राईको देब्रे हातको साइँली औंलामा ६ टाँचा लगाइएको, देब्रे खुट्टाको लिगामेन्ट च्यातिएको, दाहिने हात र छातीमा चोट लागेको बताइएको छ । राईको तत्काल अर्जुनधारा डाइग्नोष्टिक सेन्टरमा उपचार गरिएको बताइएको छ ।

राई सवार मोटरसाइकल पूर्णरुपमा क्षति भएको बताइएको छ । सिटीसफारी दुई जनाले चलाएको र त्यसका चालकमध्ये एकजनालाई पक्राउ गरेको र अर्को चालक फरार रहेकाले उनको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ ।


**Private / Open SEE 2076**

प्राईभेट SEE. कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।

कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन ।

**पाइथागोरस एजुकेशन फाउण्डेशन**

अतिथि सदन रोड, बिर्तामोड

फोन. 023-544975, मो.नं. 9807927033



**झापा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**टाघनडुब्बा, झापा**
**१ नं. प्रदेश नेपाल**

**सूचना सच्याइएको**

यस झापा गा.पा. कार्यालयबाट मितिः २०७६।०६।०८ गते पूर्वाञ्चल राष्ट्रिय दैनिक पत्रिकामा विद्यालयहरुको लेखापरीक्षण गर्ने कार्यका लागि प्रकाशित सूचनामा दर्ता वाला लेखापरीक्षकलाई निवेदनका लागि आव्हान गरिन्छ हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको व्यहोरा अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**अव सुन्दर पर्यटकीय नगरी सुरुङ्गामा पहिलोपटक**

**तिम्सिना ट्रेडर्स परिवारको उत्पादन**

**कनकाई फन पार्क प्रा.लि.को नौलो प्रस्तुति**

कनकाई फनपार्कको पहिलो आकर्षण

**भव्य शुभारम्भ**




संविधान दिवस, वडा दशैंतिहार, छठ, नेपाल सम्वत ११४०को शुभअवसरसहित कनकाई फनपार्कको पहिलो शुभारम्भ कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेल, च्याम्बर अफ कमर्श नेपाल प्रदेश नम्बर १का अध्यक्ष **राजेन्द्र घिमिरे**द्वारा तपशीलको मिति, समय र स्थानमा हुने निश्चय भएकोले सम्पूर्ण महानुभावलाई गरिमामय उपस्थितिका लागि सादर आमन्त्रणा गर्दछौं ।

**मिति : २०७६ साल असोज १३ गते सोमवार**

**समय : विहानको ९ बजेदेखि** **फोन नम्बरः ०२३-५५०५०१**

**स्थान : कनकाई नगरपालिका-३, सुरुङ्गा, नयाँ बस्ती झापा**

**प्रो : टिकाप्रसाद तिम्सिना/दिलमाया तिम्सिना र रोमित तिम्सिना**

**सञ्चालक : मिनाल तिम्सिना र सुमित्रा तिम्सिना**

**आवश्यकता** : यस फन पार्कका लागि एकजना कुक र एकजना वेटरको तत्काल आवश्यक परेकाले तत्काल सम्पर्क राख्नुहोला ।



**भिटा विक्रीमा**

**बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ ।**
**२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।**
**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम । अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**
**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।**
**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।**

**मो. ९८२३७२६९७९**



**विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना**

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ ।


| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।६।११ र २०७६।०६।१२ | ११ केभी कनकाई फिडर र सुरुङ्गा फिडर | अनारमनी वितरण केन्द्र सुरुङ्गा प्रशाखा अन्तर्गतको कन्काई नपा वडा नं. १, २, ३, ४, ५, ६, ७, ८ र ९ तथा झापा गाउँपालिका क्षेत्रभित्र सम्पूर्ण स्थान | विहान ७:०० बजेदेखि दिउँसो ५ बजेसम्म | बुस कटिङ तथा लाइन मर्मत कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ । |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

कविता/गजल

## शहर रोहिरहेछ



अञ्चु सुवेदी

हो, आज
शहर रोहिरहेछ
त्यो भिडको अनकन्टार निसाहटबाट
आफ्नो अस्तित्वको खोजी गरी
पूर्ण जीवन पाउने आशमा
एउटा कुनामा एक्लै-एक्लै शहर रोहिरहेछ ।

जुन शहरले
साइँला दाइको कथा बोकेको छ
साइली भाउजुको व्यथा बोकेको छ
आफ्नो सारा जीवनलाई धुँवा र धुलोको
भिंडबाट आफ्नो प्राकृतिक रूप हराएर
कृत्रिम बनावटले सुन्दर भविष्यलाई
अँध्यारो बाटोतिर धकेल्नेहरूबाट छुटकारा पाउन
एकछाक खानका लागि र एकसरो लाउनका लागि बाँचेका
जीवनहरूको कहालीलाग्दो दु:खद् कहानी बोकेर
शहर एकपटक फेरि भिषण कोलाहलको महशुसमा
घुँक्क-घुँक्क रोहिरहेको छ ।

हरेक सपना बोकेर आउने
अनि जानेहरूको दोहोरो भीडका बीचमा पनि
आफूलाई एक्लो सम्झी सपना बुन्ने आशमा
आफ्नो डरलाग्दो दिनको सम्झना गरी शहर रोहिरहेको छ ।
प्रत्येक रातमा काल्पनिक सपनाको सुन्दर
महल बोकेर हिँड्नेहरूको दर्द र करूणा खपेर पनि
हरेक सपना पूरा गर्न नपाउँदाको पीडाहरूमा
रूमलिएर आफूभित्रको मधुरो दियालोको खोपीमा
पुनः शहर रोहिरहेछ ।

एउटा माथीको अन्याय र अर्को माथिको विजयबीच
आफू आफैसँग प्रश्न गरी एकोहोरो अनुहार लगाएर
आफ्नो छुट्टै सपनाको थुप्रो माथि उभिएर शहर रोहिरहेको छ ।

अब,
आउने बिहानीले स्वच्छ आकाश खुलाउने छ
स्वर्णिम प्रकाशले दुषित पवन बडार्ने छ
शहरसँगको सौदाबाजीमा खेलिने खेल बन्द हुनेछ
घामको रापलाई हटाउन पूर्णिमाको बर्षा हुनेछ
अनि मानबतावादको उदय भई
भाइचाराको सम्बन्ध जगाउन
र, कलकल गरी बग्ने पानी जस्तै
सुन्दर ताजमहल अटाउने सक्ने
उज्यालो बस्तीहरूको शहर हुनेछ ।

कथा

# सुनसान जंगलमा नवजात शिशु चिर निद्रामा !



भूवन तामाङ



मध्यरातपछि अस्पतालको सघन उपचार कक्षबाट एक नर्स बाहिर निस्केर प्यासेजको चिसो मार्बलमा उँघिरहेका दम्पत्तिलाई ए दाइ ! ए दिदी ! भन्दै बोलाउँछिन् । आँखा मिच्दै दम्पत्ति जराकजुरुक उठ्दछन् र आशातित् नजरले नर्सलाई हेर्दछन् । नर्स भन्छिन्- तपाईहरुको छोरी अब रहिनन् । एकछिन्सम्म त नर्सले बोलेको अर्थ नै बुझ्दैनन् दम्पत्तिले । एकअर्का मुखामुख गर्छन् । आमाचाहिँले अर्थ बुझ्दछिन् र थचक्क बस्दै रुन थाल्छिन् । अनि बाबुचाहिँ पनि थाप्लोमा हात राखेर घोप्टो पर्छन् ।

डिस्चार्ज प्रक्रिया पूरा भएपछि दम्पत्तिमध्ये बाबुचाहिँले अप्पतालको शैय्यामा सुतिरहेकी आफ्नो नवजात शिशु अर्थात् छोरीलाई हातमा लिन्छन् र एकटकले हेर्छन् । छोरी मरेकी छैनन् र मस्त निद्रामा छिन् जस्तो लाग्छ । एकहातको हत्केलामा छोरी अड्याएर अर्को हातले छोरीको मुहार सुम्सुम्याउँछन् । तब चिसो स्पर्शले झसङ्ग हुन्छन् । उनलाई आफ्नो छोरी साँच्चै मृत भएको महशुस हुन्छ । उनी आफ्नो मृत छोरी लिएर बाहिर आउँछन् । आमाचाहिँ छोरी भन्दै डाँको छाडेर रुन थाल्छिन् । केहीबेरपछि आमाको रोदनको भोल्यूम कम हुँदै जान्छ । त्यसको साटो अस्पतालको प्यासेजमा मानिसहरु हिँडेका चप्पल र जुत्ताका आवाजका भोल्यूम चर्किंदै जान्छन् । त्यो दम्पत्ति आफ्नो मृत नवजात शिशु लिएर अस्पतालबाट चुपचाप बाहिरिन्छ ।

दम्पत्ति एउटा अटोमा छोरी लिएर घर फर्कंदैछन् । बाटाका दायाँ-बायाँ खेतमा हरिया धानका गाभाहरु हावाको झोँक्कामा मुन्टो हल्लाइरहेका छन् । कतै-कतै चौरमा गाई, भैँसी चर्न थालेका छन् । हाटबजार जानेहरुको लर्को बाटामा देखिन थालेका छन् । त्यस्तै स्कूल जाने विद्यार्थीहरुका हुल पनि । यस्तो लाग्दछ कि मानिसहरुका दैनिक रोजमर्राका कुराहरु सहज रुपमा चलिरहेका छन् तर यी दम्पत्तिलाई बिपत्ती आइलागेको छ । आफ्नो वैवाहिक जीवनको पहिलो सन्तान नै आफूहरुसँग रहिनन् । अटोभित्र दम्पत्ति एकै गुजुल्टो परेका छन् । अटोवाला घरि-घरि पछाडि फर्केर हेर्छन् । तिनीहरुले ग्राभेल बाटोमा उफ्रिँदै कुदेको अटोबाट मृत नानी खसाउलान् कि भनेर ।

अटो ग्राभेल बाटो छाड्दै गाउँको हरियो बाटोमा प्रवेश गर्छ । केही क्षणमै एउटा छाप्रोको आगनमा पुगेर रोकिन्छ । आफन्त र गाउँलेहरुले अटोलाई घेर्दछन् । नानीको आमाको रोदनको भौल्यूम एक्कासी चर्किन्छ । आफन्तहरुको रोदन पनि थपिन्छ । एकप्रकारले स्थिति सम्हाल्नै नसकिने हुन्छ, तर गाउँलेहरु मध्ये कसै न कसैले स्थिति सम्हाल्छन् । रित्तो अटो फर्कन्छ । कुकुरहरुले अलिकपरसम्म भुक्दै अटोलाई लखेट्छन् ।

महिनादिन मात्र नाघेको त्यो खोयाजत्रो सानो नानीलाई आगनबीचमा राखेर आमासहित महिलाहरु झुरुप्प भएर बिलौना गरिरहन्छन् । नानीलाई के बिराम लागेको हो कसैलाई एकीन छैन । नानीको केही भित्री अङ्गहरु राम्ररी विकसित नभएकाले श्वासप्रश्वासमा समस्या भएर नानीको मृत्य भएको भनेर अस्पतालले बतायो । नवजात शिशुलाई आफ्नो दूध खुवाउनसम्म नपाएकोमा आमाचाहिँलाई औधी विस्मात् छ । उनी त्यसै भनेर बिलौना गर्छिन् । नानीको हजुरबाबु र हजुरआमा नातिनी खेलाउन नपाएकामा बिलौना गर्दछन् । भगवानले नातिनी दिएर पनि किन यति चाँडै खोस्यो ? भनेर बिलौना गर्दछन् ।

'लु लु नानीलाई लाने बेला भयो अब, लु सबै हट !' भन्दै आफन्त मध्येका अगुवा कराउँछन् । उनी भन्छन्- 'नरोओ अब । उसले यति नै समय लिएर आएकी रै'छ । उसको लेखान्त नै यस्तै रछ । रोएर अब ऊ फर्किन्न । मन दह्रो पार ।' कसैले नानीको सानो नयाँ क्रोक्रो बोक्छन् । कसैले नानीको कपडा अनि कसैले अन्तिम संस्कारको लागि चाहिने सरजाम । संस्कार गर्ने पुरेत पनि जङ्गल जान तयार छन् । कसैले ह्वाँ...ह्वाँ... रोइरेकी आमाचाहिँको हातबाट मृत नानी खोस्छन् । महिलाहरुको भिडले नानीतिर हुत्तिइरहेकी आमालाई च्याप्प समाएर रोक्छन् । हेर्दाहेर्दै नानीसहित भएभरका पुरुषहरु आगनबाट गायब हुन्छन् । घरमा भएकाहरुको रोदन विस्तारै मत्थर हुँदै जान्छ । 'बल्ल आएकी लक्ष्मी कति चाँडै गईन्' - भन्छन् कोही । अनि कोही के भन्छन् कोही के ।

हरियाली जङ्गलबीच(घाट)मा सानो खाल्डो खन्छन् मलामीहरु । संस्कार गर्ने पुरेत विधिविधान गर्छन् । 'तिमी यति छोटो समयका लागि मात्र आए पनि तिमीले यो धर्तीमा राम्ररी पाइला नटेके पनि, तिमी धर्मीमा समाधिस्थ हुनका लागि तिम्रो लागि हामीले धर्तीमाता, नेपाल देशको सरकार र स्थानीय सरकारसँग जमिन किनेका छौँ । तिमीलाई कुनै भारा लाग्दैन, कुनै पाप लाग्दैन, तिमी स्वर्गमा पनि सकुशल पुग्दछ्यौ' -भन्दै धर्ती (चिहान)मा चढाइएका केही ढ्याक पैसाहरुतर्फ संकेत गर्दछन् । अनि मृत नानीलाई खाल्डोमा राख्न पुरेत संकेत गर्दछन् ।

नानीको बाबुचाहिँले कात्रो उठाएर अन्तिम पटक नानीको मुहार हेर्छन् र नानीलाई क्रोक्रोभित्र जतनले राख्छन् । आफन्तहरुले कोक्रोलाई कफन (बाकस)को स्वरुपमा बन्द गरिदिन्छन् र हत्तनपत्त कोक्रो बोकेर खाल्डोतिर डौडन्छन् । यसो गर्दा नानीको बाबु बिव्हल हुन्छन् र उनी त्यही जमिनमा थचक्कै बसेर रुन थाल्छन् । कोही उनलाई सम्हाल्न थाल्छन् । नानीको बाबुसहित मलामीहरुले मृत नानीलाई माटो दिन्छन् । हेर्दाहेर्द त्यो खाल्डो एकैछिन्मा पुरिन्छ । नानीको चिहानमाथि माटोको केही अग्लो ढिस्को बनाइन्छ । ढिस्को माथि नानीको बाँकी कपडाहरु ओड्ने ओछ्याउने, लगाउने कपडा राखिन्छ । मानौ नानी त्यही ओछ्याउनेमा ओड्ने ओडेर सुतिरहेकी छिन् । त्यसमाथि नानीको लागि किनेको सानो रेडिमेड रंगीन झुल पनि राखिन्छ । मानौ नानीलाई लामखुट्टेले नटोकोस् । झुलको चारवटा खुट्टाका किलाहरु चिहानको माटोमा दह्रोसँग गाडिन्छ ताकि हावाले उडाएर नलगोस् । चिहानको दायाँबायाँ नानीलाई नुहाउनओर्न पानी राख्नका लागि किनेको बाल्टिन् र छिर्लिङ्-छिर्लिङ् गर्ने खेलाउने कुरा पनि राखिन्छ । जङ्गलबीचमा नानीको त्यो सानो चिहान अनौठो र सुन्दर देखिन्छ ।

नानीका बाबुसहित मलामीहरु सबै फर्कन्छन् । घरमा पुग्दा केही छिमेकीहरु, आफन्तहरु यताउता ओल्याङ्टोल्याङ् अवस्थामा भएका देखिन्छन् । मृत नानीका आमा र बाबु फेरि एकै पोको पर्दछन् र ह्वाँ...ह्वाँ... गरेर रुन थाल्छन् । कोही सम्झाउन थाल्छन् त कोही आ-आफ्नो घरतर्फ बाटो लाग्दछन् ।

पोकोबाट छुट्टिँदा उनीहरुको अगाडि मृत नानीको हजुरआमा र हजुरबाबुमात्र बाँकी रहेछन् । अनि छेवैमा दुईवटा कुकुर टक्र्याक टुक्रुक्क बसेर हेरिरहेका । साँझ परेकाले कुखुराहरु खोरमा पस्न बाँसको सिँढी चड्दै गरेका । कोठेबारीमा पगा लगाइएका बाखा र वस्तुहरु साँझ परेको संकेत स्वरुप 'म्या...' 'म्या...' र 'ड्वाँ...' 'ड्वाँ...' गर्दै कराई रहेका ।

घाम डुब्दै जाँदा शोकाकुलहरुलाई विभिन्न कल्पनाले अब रात कसरी काट्ने भनेर डर लाग्न थाल्छ, तर सिर्जित परिस्थितिलाई केवल उनीहरुले सहनु र व्यहोर्नु नै छ । यसमा देशको सरकार हुन् या स्थानीय सरकार कसैलाई मतलव हुने छैन । लोकको रीत नै यस्तै छ ।

हाँस्यव्यंग्य चिठ्ठी

# दशौं

लक्ष्मण गाम्नागे



*प्रिय केटा हो !*

धेरै-धेरै माया छ । घरमा दशैंको छायाँ छ । इज्जोत आब्रुक बायाँ छ, अभाव र मुहुँगी दायाँ छ । यो बूढो काया मर्दै बाँच्दै जसरी तसरी घिस्रिँदैछ । एकपछि अर्को रोग जिऊभित्र घुस्रिँदैछ । आमा पनि उसरी नै लगातार खोक्दैछे । नसकी-नसकी घाँसको भारी बोक्दैछे ।

तम केटाहरू त्याँ शहराँ के गर्दैछौ ? जिउँदै छौ कि दिनैपिच्छे मर्दैछौ ? जिउँदै छौ भने घर आओ, मरिसक्यौ भने जतासुकै जाओ । घरमा न भाले छ न खसी । छानामा फलेका घिरौंला र फर्सी जति पनि देखिन्छन् आँगनमै बसीबसी । तिमेर्ले खर्च नबोकी आयौ भने दशैंको मौकामा सिन्काका खुट्टा हालेर लौका काटौंला, कुभिण्डाको खैपी चाटौंला, बाबु छोरा सिकुवामा बसेर नयाँ नेपालका गफ अघाउँजी छाँटौंला । खर्च ल्यायौ भने झ्याङ्गो भए पनि एउटा च्याङ्गो किनौंला, नसके तित्रै भए पनि छिनौंला, गरम मसला पिनौंला, जुँगा चिल्ला पारेर गाउँतिर फूर्ति देखाउन हिनौंला । कत्तिका मर्द रहेछौ तिमेरू, यही दशैंमा चिनौंला ।

*प्रिय केटा हो, मेरो बुढेसकालका फेटा हो !*

मेरो इज्जोत अब तिमेर्का बगलीमा अडिएको छ । थाहा पाइराख, एकआँखे अचार्जको बाँकी आँखो हाम्रै बारीमा ठडिएको छ । के गर्नु, उहिले गल्ती गरिहालियो, बेलैमा परियार न्योजन गरेको भए तिमेरू बुङ्गुरका बथान जस्तो आठ-आठ जनाको डुंगुर भुरै हुने थिएनौ, कुरै सकिन्थ्यो । नशा काटेपछि दशा लाग्छ भनेर जरिङ्गेका जुम्रे जोतिषीले भने । पुँवालेका पहेंले पुरेतले त झन् छोरो नजन्माए सिधै नर्कको बास हुन्छ भनेर तर्साए । वर्षेपिच्छे न्वारान गराएर मेरो पुर्ख्यौली सम्पत्ति हत्याउने तिनको सुर रै'छ । म बेसुर मोरो, झाँक्री बूढाको छोरो, बाबुभन्दा के कम भनेर फूर्ति लाउँदा-लाउँदै अहिंले एकफाँको सूर्ती खाने सम्पत्ति पनि बाँकी रहेन । तिमेरू केटाहरू तहाँ काठमाँडुमा पैसा कमाउँदैछौ कि खान नपाएर आफैं कामिरहेका छौ, पत्तो छैन । घरमा लत्तो कपडोको अत्तोपत्तो छैन । बुइनीहरू दाजुहरू घर आउँछन्, यो ल्याउँछन् र त्यो ल्याउँछन् भनेर औंला भाँचेका भाँचेकै छन् । आमाचैं पनि तिमेर्कै आशामा बाँचेकी बाँचेकै छन् । म भने केही थाहा नपाए झैं गरिरहेको छु । तिमेर्की आमाको बाह्र ठाउँ टालेको चोलो हेरेर भित्रभित्रै मरिरहेको छु । मान्छेहरू मालमत्ता किन्न हाटतिर जाँदैछन्, म चाहिँ तलतल घाटतिर झरिरहेको छु ।

*प्यारा छोराहरू !*

गाउँभरि मान्छेहरूले खसी-बोका आँगनमा पगाहा लाइसके । केटाकेटीहरूले मासु खान मुख बाइसके । नहुनेहरूका घरमा पनि भाले बास्न थालिसके । कतिले खोरमा सुङ्गुर हालिसके । तल्लाघरेले घरैमा मास्टर ल्याएर लुगा सिलाए । माथ्लाघरेले पनि कसरी हो बेबस्था मिलाए । तिमेर्का बुइनीहरू कहिले तल्लाघर जान्छन् र नयाँ लुगाको वास्ना कति मिठो भन्दै आउँछन्, कहिले माथ्लाघर जान्छन् र घोर्ले खसीको सिङ् क्या तिखो भन्दै आउँछन् । शहर गएकाहरू ठूल्ठूला झोला बोकेर फर्किंदैछन्, विदेश भएकाहरू पैसा पठाएर घर परिवारमा शितल छर्किंदैछन् । अलपत्रे खत्रीको छोरो छत्रे बडेमानको कुम्लो र ठूलो टिनको बाक्सा भरियालाई बोकाएर, कम्मरको एकातिर चेस्माको खोल, कम्मरको अर्कातिर मुबाइल फुन झुण्ड्याएर टाउकामाथि कालो चेस्मा अड्याएर आजै मात्र घर आइपुग्यो । घाँटीमा बडेमाको सुनौलो सिक्री बाँधेर गाउँ नै गनाउने स्यान्ट कि फ्यान्ट दलेर आएछ अरबबाट । छोराले ल्याइदेका छालाका जुत्ता लगाएर खोच्याउँदै अलपत्रे आइरथ्यो । 'कति पैसा ल्यायो त छत्रेले' भनेर सोधेको अलकत्रा जस्तो अनुहार बनायो । लुगाफाटो चाहिँ हङकङबाट ल्याको भन्थ्यो रे । केरकार गर्दा काठमाँडूको हङकङ बजार भनेछ । पैसो चैं यरपोटमा चोरी भयो भनेछ । जे होस् त्यसका बाबुले मलाई पनि एक खिली फेटेचुरोट चाहिँ खुवायो । 'साहुको रिन जस्ताको तस्तै रह्यो दाइ' भनेर मलाई पनि बज्जेले एकछिन रुवायो ।

तम मोराहरू भने न चिट्ठी पठाउँछौ, न केही खबर गर्छौ, न घरतिर झर्छौ न पैसै पठाएर मर्छौ । याँ अन्तरी बुइनी र मैले दसैंको योजना बनाउँदै च्यात्तै गर्दागर्दै बिचरीको एउटा रफ कापी नै सिद्धिएछ । नून किन्ने पैसा लगेर अर्को कापी ल्याइछ, फेरि हिसाब गऱ्यागऱ्यै छे । तल बजारमा गाडी आएर रोकियो कि 'दाजुहरू आए होलान्, पुष्टकारी ल्याए होलान्' भन्दै बजार झऱ्याझऱ्यै छे ।

आउँछौ भने केटा हो, तुरुन्त आओ, आउँदैनौ भने याँबाट कुम्लो कुटुरो बोकेर हामी चारैजाना तेतै आउँछौं टडक चढेर । हातपाउ सबै जोडेर बिन्तीभाऊ गर्दा सकेसम्म सित्तैमा नभए पनि उधारोमा कसो नलगिदेला त टडकवाला टीके टम्रेलले । हामी आउँ कि तिमेरू आउँछौ तुरुन्त खबर गर्नू । यदि तिमेरू दुई-दुई भाइ जतनतिघ्रेहरू कमाइ-धमाइ गरेर घरको आप्त-विपद् टार्न सक्तौन भने त्याँ किन थेच्चिरनु पऱ्यो ! गाउँमै बसेर पनि केही गर्न सकिँदैन भन्ने छैन । याँ बसेर गर्ने काम थुप्रा छन् । जस्तै, मैले यहीँ बसी-बसी तिमेरू तेह्रजनालाई जन्माएको हो कि होइन ? पानजना मास छर्न गए पनि तिमेरू आठजनाको सास हाम्ले नै जोगाएको हो कि होइन ?

हेर ठिटा हो, पैसो कमाउनेले गाउँमै बसेर पनि बिटाबिटा कमाएका छन् । अलिकति सीप र आँट, दुईचार अच्छेर पढाई र अलिकति ढाँट भएकाहरूले गाउँमै अरब र मलेसिया मात्रै होइन दुनियाँलाई तीनतिर्लोक चौध भुवन देखाएका छन् । अरब नभए पनि लाख रुप्याँ त बसीबसी खेलाएका छन् । ह्वारह्वारी पैसा कमाएर थानाका निस्पेक्टरलाई पनि थरथरी कमाएका छन् । कमानेको कान्छो छोरो मानेले मसाने भँडारीकी छोरी मैनासँग मिलेर गाउँ घुमी-घुमी कम्ती कमाएन । गाउँका ठिटीहरूलाई बम्बै लगेर जम्मै पैसा सोहोरेर कति हो कति । बजारमा अचेल पक्की घर बनाएर सबैलाई हप्की र दप्की गर्ने भएको छ । माने मोरो घाँटीमा लँगौटी झुण्ड्याएर हातमा छालाको बाक्सा बोकेर मटरमा हिन्छ । फू गर्दा पारी फापरबारी पुग्ली जस्ती आशमायालाई समेत सास हालेर उसले रक्सोल कि कता लगेर जागिरमा लगायो अरे । मैनाको त झन् कुरै छैन, अर्कै भइसकी । उतै काठमाँडूमा ठूलै नेतासँग पोइलै गइसकी । चोलाकान्तको छोरो चिरेले गाउँकै स्कूलमा मास्टरी थाल्याथ्यो, पछि एउटी मिसलाई किस गर्ने भएर इस्कुले भुराहरूले कालोमोसो दलेर गाउँबाट निकालेका थे । अचेल त फएल भएका केटाकेटीलाई मारकसिट, साठिपिकेट बनाएर बेच्ने गर्न थालेपछि ऊ पनि काँबाट काँ पुगिसक्यो । अहिले ऊ त्यै इस्कूलको सञ्चालक समिति भाछ । बजारका जग्गा हजारमा किनेर लाखमा बेच्ने काम पनि गर्छ । अहिले भटभटेमा हिन्छ, अब कुन दिन तेल्ले पनि गाडी किन्छ ।

सिरे जस्तो अल्लारे र बिग्रेर सकिन लागेको केटाले गाउँमा कत्रो इज्जोत कमाइसक्यो । तीनदिने तालिम लिएर स्वास्थे कार्जेकर्ता भएर गाउँमा हिन्दाहिन्दै बिहे नै नगरी चारपानजना भुराभुरीको बाबु भइसक्यो । बजाराँ दबाई दोकान खोलेर कानमा चेस्मा अड्काएर, घाँटीमा पनि केजातिको त्यान्द्रो लट्काएर डाक्टर भइसक्यो । हेड्सरको जत्रो भुँडी बनाएर अस्तिसम्म गाउँमा बिरामी जाँच्न हिन्थ्यो, अचेल त गाउँमा अर्को सानो डाक्टर राखेर ठूलो बजारमा सरिसक्यो । त्यसले पनि अब दु:खको बैतर्नी तरिसक्यो ।

पोरपरार तिमेरूलाई माउवादी भन्दै भाटाले भकुरेर पुलिसलाई जिम्मा लाउने दले अचेल ठूलो माउवादी भाछ । निर्दल बउदलका बेला बउदलेलाई कुटायो, पछि कांग्रेस भएर मालेलाई मुङ्ग्रायो, राजाका पालामा राजाको मान्छे भएर रिस उठेका जतिलाई माउवादी भन्दै थुनायो । अचेल गाउँको माउवादी नाइके भएर ऐलेका मानन्नेको सबभन्दा नजिकको मान्छे उई भाछ । जिल्लैभरिका केटाहरूलाई पुलिसमा जागिर खुवाउँछु भनेर लाखौंलाख लुँड्याको छ । त्यै पैसाले माङ्लबारेमा तीनतले मुन्डाको घर बनायो । अहिले जिल्ला आउने नेताहरू उसको घरमा नबसी कोही जाँदैनन् अरे । उसका घरमा बसेर तिनेर्ले खाएको बिएरको डकारले बजारै गनाउँछ भन्छन् ।

एस्तो पर्गति छ गाउँमा केटा हो ! तम लाटाहरू भने जागिर खोज्दै बाटाघाटामा भौंतारिराका छौ भन्ने सुन्छु । त्यो लोकसेवा कि ठोकसेवा भन्नेमा फाराम भर्न थालेको पनि पाँच बर्ख त भो होला । तेसमा खर्च गरेको पैसा जम्मा पारेर वेपार गरेको भए के-के भइसक्थ्यौ । विदेशै जान खोजेका भा पनि त्यै पैसाले गइसक्थ्यौ । आफूलाई कत्ति न पढेलेखेका, इमानी भन्दै भलाद्मी पल्टेर लडिराख्यौ । त्यै गन्धे काठमाँडूमा सडिराख्यौ । तिमेर्को त्यै भेडोपनले गर्दा घरमा धानको एक गेडो पनि बाँकी रहेन । चारोडी दिदीहरूलाई हुर्काएर, बढाएर अन्माउँदा, छोरै नभई हुँदैन भनेर हरिवंशे पुरान लगाईलगाई तिमेरू दुईटालाई एकैपल्ट जन्माउँदा, गाँडमाथि पिलो भनेझैं अर्की दुईदुइटी बुइनी थपिँदा, कहिले आमाको गानाको ओखती कहिले आफ्नै गोलाको ओखती गर्दागर्दै मेरा सबै हाड करङ् मकाएर ढल्ने बेला भो । घुँडाका पाङ्गा एकआपसमा ठोक्किएर आगो बल्ने बेला भो । चिन्तैचिन्ताले खुइलिएर मेरो यो तालु पनि बारीमा पाकेर लडेको फर्सी जस्तो भो । तिमेर्की आमाको ज्यान पनि थाकेर लडेको जर्सी जस्तो भो ।

अब चैं म नसक्ने भएँ । तिमेरूसँग वार कि पार नगरी नबस्ने भएँ । यता टाल्यो उता ह्वाङ्ग हुन्छ, उता टाल्यो यता छ्याङ्ग हुन्छ । एकआँखेले खेत त खायो खायो बारीमा पनि आँखो लायो । 'रिन दिन्छु, छोराहरूलाई इराक पठाऊ अन्तरे' पो भन्छ । रिस त उठ्छ नि, तर यस्तो अपाङ्गलाई केही भन्नु हुँदैन भन्छन् । अपाङ्ग सङ्घो जिल्ला अध्यच्छे नै उही भाछ । अपाङ्ग भएर के गर्नु, अपराधी छ । हिजो आज त गाउँमा यो जात र ऊ जात भनेर बसिसक्नु छैन । बाहुन जति सबै जाली अरे, अरु जति दलित अरे, दुख्ख पाका अरे । यो गाउँभरिकै हरितन्नम् म झुत्रे बाहुन कसरी जाली भएँ, कुरो बुझ्ने मरिजाउँ । क्षेत्री बाहुन जातको हुँदैमा सबै शोषकै हुन्छन् त ठिटा हो ? दलित हुँदैमा सबै गरिब र पिडित नै हुन्छन् त केटा हो ? एस्ता कुरा तिमेर्का नेताहरूलाई सोधेर तेसको जवाफ मलाई पठाओ । खालि यो जात र ऊ जात भनेर घर-घरमै, छिमेकछिमेकमै रिसिबी बढाइद्या छन्, अनि हार्दैनन् त पापीहरू चुनावमा । बाह्रचोटीसम्म चुनाव गर्दा पनि एउटा पर्धान्मन्त्री छान्न सकेनन् अरे होइन ? छिः छिः छिः छिः, लाजको पसारो ! तेस्ता हुतिहाराहरूले हामी गरिबका लागि केही गर्लान् भनेर के आश गर्नु ! तिमेरूको पनि बुद्धि छ भने खुरुक्क गाउँ फर्क । यो बूढो बाबु र मर्न लागेकी बूढी आमासँग धेरै नतर्क ।

केही गर केटा हो केही गर, यो अलि-अलि भाको पाखो बारी बेचेर विदेश गर नमर । दलालहरूको भर हुँदैन । तिनेर्लालाई इज्जोतको डर हुँदैन । विदेश पठाए नै भने पनि कुन दिन कुन् अपराधीले रुद्रघण्टी स्यार्याक्क पार्छ कि बन्दुकले ठ्याँस्स मार्छ । यो अनपढ बाउले भनेको तिमेर्लाई कति घुस्तो हो, सम्झेर झनक्क रिस पनि उठ्तो हो । तर, पछि थाहा पाउला, सबैतिरका ढोका थुनिएपछि रुँदै घर आउला । यो बडा दशैंले तिमेर्लाई गाउँ फर्किने बुद्धि देओस् । तिमेर्का नेताहरूलाई यसैगरी जतिपल्ट चुनावमा उठे पनि हारिरहने कुबुद्धि देओस् । म बूढाको येही छ शुभकामना । धन्नेवाद !

*गौरादह-४ झापा*

लघुकथा

# सिकाई



**नवीन भण्डारी**

'बाबा, साइन्सको इक्जाम छ आज, सिकाइदिस्यो न' छोरीको रिक्वेष्ट ।

'हस् बेबी' मेरो स्वीकारोक्ति ।

अल्छी बाऊकी छोरी हुनुको मजा लुट्दैथी छोरी । ओछ्यानमा पल्टेर म मोबाइलमा व्यस्त । म नउठेपछि छोरी पनि मामुको मोबाइलमा व्यस्त ।

बाहिरबाट मायालुको कडा स्वर आएपछि जर्‍याक-जुरुक उठेर छोरीको छेऊमा बसेँ । प्रश्नोत्तर लेखेको कापीमा हेरेर सोधेँ- 'क्याटरपिल्लरले के खान्छ छोरी ?'



'क्याटरपिल्लर...........?' छोरी अलमल्ल ।

'अनि ट्याडपोलले नी ?' फेरि सोधेँ ।

'कुन हौ ?' अचम्म पर्दै छोरीले कापी हेर्न थाली ।

'ए.............यो ?' उत्तर हेर्दै पढ्न थाली ।

'क्याटरपिल्लर इट्स ग्रीन प्लान्टस् ।'

'ट्याडपोल इट्स टीनी प्लाण्ट्स ।'

'फ्रग होप्स आउट अफ द पोण्ड ।'

बारम्बार रटाएँ अनि एकछिनमा कापीमा लेख्न दिएँ ।

घरी माथिको प्रश्नको उत्तर तल्लोमा, घरी स्पेलिङ्ग मिस्टेक । दिग्दार लागेर मोबाइल चलाउन लागेको थिएँ, अचानक छोरीको मामा आइपुग्नुभयो, मेरो जेठान ।

गफ गर्नका अल्छीले छोरीलाई पढाए जस्तो गर्न थालेँ । अल्छीलाग्दो पाराले छोरी पढाएको देखेर दाइले मेरो हातबाट फुत्त कापी तान्नुभयो । अनि भान्जी पनि ।

'तिमीले क्याटरपिल्लर देखेको छौ ?' मामाको प्रश्नमा छोरीले टाउको दायाँबायाँ हल्लाई ।

'यी........क्याटरपिल्लर ग्रीन कलरको हुन्छ ।' मोबाइलमा फोटो देखाउँदै- 'त्यहि भएर क्याटरपिल्लरले ग्रीन प्लान्टस् खान्छ ।' छोरीको ओठमा मुस्कान ।

'क्याटर पिल्लर भनेको कुन कलर ?' मामाको प्रश्नमा भान्जीको रिप्लाई 'ग्रीन कलर ।'

'त्यसो भए व्हाट डज क्याटरपिल्लर इट ?'

'क्याटरपिल्लर इट्स ग्रीन प्लान्ट्स ।' छोरी ह्याप्पी ।


'ट्याडपोल भनेको टी बाट शुरु हुन्छ ।' मामाको ब्याख्या, 'त्यै भएर ट्याडपोल इट्स टीनी प्लान्ट्स ।' फेरि छोरी ह्याप्पी ।

'भ्यागुत्ता देखेको छौ ?' मामाको प्रश्नमा छोरीले फेरि टाउको दायाँबायाँ हल्लाई । मोबाइलमा पानीमाथि भ्यागुत्ता फाल हालेको फोटो देखाउँदै- 'फ्रग होप्स आउट अफ द पोण्ड, कसरी ? फुत्रुक-फुत्रुक ।' छोरीको मुस्कान व्यापक भयो । छोरी खुसी हुँदै सबै एन्सर लेखी । स्पेलिङ्गसहित सबै करेक्ट ।

मामा गएपछि 'मामु, भ्यागुत्ता त पानीमा फुत्रुक-फुत्रुक अरे, हेहेहेहे, मामाले भनिस्सेको....' छोरी खुसी हुँदै नयाँ र रमाइलो शब्द मायालुलाई सुनाई ।

कलेज पढाउन थालेको त नौ बर्ष भइसकेको थियो । तर, छोरीलाई पढाउन नजानेकोमा लज्जित भएँ । पढेर कहिले नसकिने रहेछ । त्यसपछि छोरीको क्लास वानको किताब पढ्न थालेँ । गुगल खोलेपछि पो बल्ल थाहा पाएँ- 'क्याटरपिल्लर' भनेको 'लाभ्रेकिरा' रै'छ अनि 'ट्याडपोल' भनेको 'चेपागाडा ।'


## अमिताभलाई 'दादासाहेब फाल्के अवार्ड'



बलिउडमा लामो समयदेखि सक्रिय रहेका नायक अमिताभ बच्चनलाई भारतकै प्रतिष्ठित 'दादासाहेब फाल्के अवार्ड'बाट सम्मानित गरिने भएको छ ।

भारतीय चलचित्रको विकास र वृद्धीमा उल्लेखनीय भूमिका खेलेको भन्दै उनलाई यो अवार्ड प्रदान गर्न लागिएको भारतका सूचना तथा प्रशारण मन्त्री प्रकाश जाभादेवकरले ट्वीटरबाट जानकारी गराएका हुन् ।


नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली बायाँ साइड
सम्पर्क : निशान्त– ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

होटल तालिममा भर्ना खुल्यो
सिप सिकौं.....आत्मनिर्भर बनौं । तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।
तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक
नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ ।
कक्टेल/मक्टेलमा २०% छुट
हाम्रा विशेषताहरु :
१) शतप्रतिशत प्राक्टिकल गराइने ।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने ।
३) दक्ष सेफद्वारा तालिम दिइने ।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने ।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने ।
६) तालिम पछि रोजगारको अवसर दिइने ।



सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।
होटल मुन टावर इन
शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३– ५४१७१५, ९८०४९०३०९५

पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ
(हल ए) नेपाली सिनेमा
रातो टीका निधारमा
पहिलो शो ११:४५
दोस्रो शो २:४५
तेस्रो शो ५:००
नाइट शो ६:००
(हल बी) नेपाली सिनेमा
कबड्डी कबड्डी कबड्डी
पहिलो शो ११:३०
दोस्रो शो २:३०
तेस्रो शो ४:४५
नाइट शो ६:०० यो शो बुधबारसम्मको लागि मात्र
नोटः रातो टिका निधारमा नेपाली चलचित्र यही शुक्रबारदेखि प्रदर्शन हुँदैछ ।
बुकिङ्ग खुल्ला भइरहेको छ । www.pathivaracineplaza.com
बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३–५४६४३६

राजगढमा चलिरहेछन् यी चलचित्रहरु
नयाँ रिलिज चलचित्रहरु
१०:०० बजे रातो टीका निधारमा (नेपाली)
१२:०० बजे रातो टीका निधारमा (नेपाली)
२:३० बजे रातो टीका निधारमा (नेपाली)
६:०० बजे रातो टीका निधारमा (नेपाली)
८:३० बजे रातो टीका निधारमा (नेपाली)
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर
काठमाडौंका बिशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका बरिष्ठ डाक्टर अनिलकुमार महतो यही भाद्र २८ गते शनिबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउदै हुनुहन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।
जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३–५४०१२३, ९८५२६७५०३३)

गमला बिक्रीमा
सिमेन्टबाट बनेका गमलाहरु बिक्रीमा छन् ।
टप– २१ इन्च उचाई २३ इन्च साइजमा
चाहेको रंगमा उपलब्ध छ । मूल्य प्रतिगोटा रु. १०००।–
बिर्तामोड नगरपालिका भरी फ्रि होम डेलिभरीको सुविधा छ ।
रोशन उप्रेती (९८१५९९८३१९)
राजकुमार आचार्य (९८०४९०४२११)

कोरियन भाषा
한국어
にほんご
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

अब फिजियोथेरापी उपचार मात्र रु. २५० मा
वडा दशैंको शुभ उपलक्ष्य पारी सम्पूर्ण विरामी वर्गलाई विशेष छुटमा उपचार गराइँदैछ ।
उपचार हुने समस्याहरुः
- कम्मर दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको
- घुडा दुख्ने, घड्डी खिइएको, कुम जाम भएको
- शरीर झमझमाउने, लाटो हुने, मुख बाङ्गिएको आदि
यो अफर असोज महिना भर
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड–४, झापा अदुवा खोला पश्चिम दक्षिण हाइवेसँगै
(फोन न ०२३–५४१४६६/९८०६०००३१३/९८४२७१६५८८)
[redacted] विरामी तथा एडभान्स फिजियोथेरापी गराउनु परेमा थप शुल्क लाग्नेछ । शर्तहरु लागू हुने छन् ।

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३–५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

आवश्यकता
यस संस्थालाई एम्बुलेन्स सञ्चालन सहयोगी आवश्यक भएको हुँदा इच्छुक महानुभावले सम्पर्क राख्नुहोला । साथै चालक समेत आवश्यकता छ ।
टंकनाथ सेवा समाज
बिर्तामोड–४, झापा (०२३–५४२९२१)

कर्मचारी आवश्यकता
मार्केटिङ मेनेजर : २ जना
(सेलरी: १५,०००+पेट्रोल+कमिसन)
सेल्स मेन : २ जना
(सेलरी: १०,००० देखि १२,०००+पेट्रोल)
अटो मेकानिक : ३ जना (अनुभवी)
सेलरी : आपसी समझदारीमा
अटो मेकानिक हेल्पर : १०,०००
(खान/बस्न, फ्रेसले पनि हुनेछ)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३–५४६६८३
मो.: ९८२५९८७९००

रेष्टुरेन्ट विक्रीमा
बिर्तामोडमा चालू अवस्थामा रहेको रेष्टुरेन्ट एण्ड वार विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।
सम्पर्कः ९८४०९९५४०४

फर्निचरसहितको अफिस विक्रीमा
बिर्तामोड भद्रपुर बस स्टेण्ड अगाडि चलिरहेको अफिस (सामान नयाँ रहेको ), पार्किङ स्थल भएको अफिस विक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला ।
मो. ९८२५९३३६६७

आवश्यकता
सेक्युरिटी गार्डः– ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३–५४३००३/५४६६१४,
९८०१४१६८४०,
९८०१४१६८४१, ९८५२६७३९५५

गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु–सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००
९८०४९५४४००

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा '
डा.सन्तोष कु. मिश्र
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल
MBBS, MS, ORTHO (KU)
ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA)
NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA)
वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन
राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS)
डा. मुक्ति आचार्य
MBBS, MD (TU)
वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य
वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ
प्रत्येक बिहिबार
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।
[redacted]ण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा [redacted]
- आधुनिक भेन्टिलेट[redacted]
- जनरल तथा ल्याप्[redacted]
- आधुनिक एनलाइ[redacted] सेवा
- आकस्मिक दुर्घट[redacted]था उपचार
- आधुनिक अमेरि[redacted]कोपी
मेसिनद्वारा जोर्नी [redacted] सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** - अवसरका साथ केही समस्या समेत देखा पर्ने छन् । कामको राम्रै मूल्यांकन भए पनि आम्दानी बढाउन निकै मेहनत पर्नेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** - प्रतिफल हातपार्न केही समय लाग्नेछ । आँटेको काम बीचमा रोकिनाले आयआर्जनमा समस्या पर्न सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** - सरसापटमा सञ्चित धन बाहिरिनेछ भने खर्च बढ्नाले कर्जा लिनुपर्ने हुन सक्छ । आर्थिक व्ययभारको संकेत देखिन्छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** - आँटले काम लिन नसक्दा पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ । इर्ष्या गर्नेहरू सक्रिय रहने छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** - अवसरवादीहरूले आफ्ना कमजोरीको फाइदा उठाउने चेष्टा गर्ने छन् । सानातिना काममै अल्झनुपर्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** - दीर्घकालीन योजना बनाएर नयाँ काम प्रारम्भ गर्ने बेला छ । आफ्ना लागि जुटिदिने सहयोगीहरू पनि फेला पर्ने छन् ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** - पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला । सम्भावना देखिए पनि सोचेको उपलब्धि हातलागी नहुन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, [redacted]** आध्यात्मिक चेतनाले धर्मकर्म र[redacted] प्रवृत्त गराउनेछ । स्वास्थ्यका लागि खान[redacted]ोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, [redacted]** मेहनत गर्दा स्थितिमा सुधार [redacted]नेछ । सानो प्रयत्नले कीर्तिमानी का[redacted]भाग्य प्राप्त हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, [redacted]** खानपानको असावधानीले स्व[redacted]ला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** - काम बिग्रने भयले पनि सताउनेछ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला। गोपनीयता बाहिरिनाले पनि केही समस्या आइपर्न सक्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** - ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ । कमजोरीका बेला कामको चाप भने बढ्न सक्छ । सापटी दिएको रकमले तनाव गराउला ।

# विश्व पर्यटन दिवसमा प्रभातफेरि






**बिर्तामोड, असोज १०।** ४०औं विश्व पर्यटन दिवसको अवसरमा बिर्तामोडमा प्रभातफेरि गरिएको छ ।

शुरुवाती कोठा नेपाल बिर्तामोड-५ झापाको आयोजना तथा झापाका दुई दर्जन भन्दा बढी संघ-संस्थाको सहकार्यमा प्रभातफेरि गरिएको शुरुवाती कोठा नेपालका अध्यक्ष सञ्जय बस्नेतले बताए ।

नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष सन् २०२० लाई सफल बनाउन झापाको पर्यटनलाई प्रवर्द्धन गरौं, नेपाल भ्रमण वर्ष सन् २०२० लाई सफल बनाऔं भन्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको संस्थाका अध्यक्ष बस्नेतले बताए ।

बिर्तामोडको हनुमान सेन्ट्रल परिसरबाट शुरु भएको विभिन्न जातजातिका झाँकीसहितको र्‍यालीले बिर्तामोड नगरको परिक्रमा गर्दै पुनः हनुमान सेन्ट्रलमा पुगेर औपचारिक कार्यक्रममा परिणत भएको थियो ।

शुरुवाती कोठा नेपालका अध्यक्ष सञ्जय बस्नेतको अध्यक्षता तथा बिर्तामोड नगरपालिकाका प्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शुरुवाती कोठा नेपालका सचिव द्वारिका निरौलाले पर्यटन दिवसको महत्व र संस्थाको बारेमा जानकारी गराउँदै स्वागत गरेका थिए ।

कार्यक्रममा बिर्तामोड नगरपालिकाकी उपप्रमुख पवित्रा महतारा प्रसाईले झापाको झापाको पर्यटनलाई प्रवर्द्धन गरेर बढीभन्दा बढी पर्यटक भित्र्याएर नेपाल भ्रमण वर्ष सफल बनाउनुपर्नेमा जोड दिइन् । कार्यक्रमको सञ्चालन संगिता बस्नेतले गरेकी थिइन् ।

गत साउन २ गते झापाको बिर्तामोड -५ मा उत्पादनशीलता र उद्यमशीलताका लागी शुरुवाती कोठा नेपालको स्थापना गरिएको संस्थाका अध्यक्ष सञ्जय बस्नेतले बताए । बस्नेतको अध्यक्षतामा गठन भएको संस्थाको उपाध्यक्ष एलिजा शिवाकोटी, सचिव द्वारिका निरौला, सहसचिव रोहित ओझा, कोषाध्यक्ष रविन पाठक रहेका छन् ।

त्यस्तै सदस्यहरुमा यज्ञराज कडरिया, आलोक कार्की, निरज श्रेष्ठ, प्रमिला बजगाई, भगवति लिम्बू र बिद्या अधिकारी रहेका छन् । संस्थाले कृषि, पर्यटन, स्वरोजगार, शिक्षा, मानवता लगायतका क्षेत्रमा काम गर्ने बताइएको छ ।

# डेंगु नियन्त्रणमा प्रभावकारी कदम चाल्नुपर्नेमा जोड

**काँकरभिट्टा, असोज १०।** झापाको काँकरभिट्टामा आयोजित कार्यक्रमका सहभागी वक्ताले डेंगु नियन्त्रणका लागि स्थानीयस्तरबाटै प्रभावकारी कदम चाल्नु पर्नेमा जोड दिएका छन् ।

प्रदेश नम्बर १ सरकारको सामाजिक विकास मन्त्रालयको आयोजनामा झापाको मेचीनगर नगरपालिकाका जनप्रतिनिधिहरु र सरोकारवालाहरुसँग डेंगु रोग नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रममा यस्तो बताइएको हो । देशका विभिन्न भागमा भयावहरुपमा फैलिएको डेंगु नियन्त्रणका लागि स्थानीय स्तरबाटै प्रभावकारी कार्य गर्नका लागि जनप्रतिनिधिहरुलाई रोगका लक्षण, बच्ने उपायका बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

स्वास्थ्य निर्देशनालय धनकुटा प्रदेश नम्बर १ का निर्देशक चन्द्रदेव मेहताको अध्यक्षता तथा नगर प्रमुख विमल आचार्यको प्रमुख आतिथ्य र उपप्रमुख मीना पोखरेल उप्रेतीको विशेष आतिथ्यमा भएको कार्यक्रममा नगरपालिका स्वास्थ्य शाखा संयोजक शशीकला राईले स्वागत गरेकी थिइन् ।



सामाजिक विकास मन्त्रालयका डाक्टर सरोजप्रसाद विशालले सहजीकरण गरेको अन्तरक्रियामा स्थानीयले आफ्ना घर वरपर सफा राख्ने, भाडा कुडामा पानी जम्न नदिने हो भने मात्रै पनि डेंगु नियन्त्रण हुने बताए । आफ्ना घरवरिपरी लामखुट्टे मार्ने औषधि छर्कन, शरीर पूरै ढाक्ने कपडा लगाए, झुल लगाएर सुत्न, लामखुट्टे भगाउने धुप प्रयोग गर्न, सरसफाईमा विशेष ध्यान दिन, पानी जम्मा गर्ने भाडाकुडामा कम्तिमा हप्तामा एकपटक सफा गर्न तथा घर वरिपरी पानी जम्ने खाल्डाखुल्डी पुर्न समेत उनले सबैमा आग्रह गरे ।

बितेको ५० वर्षमा डेंगु रोगको संक्रमण ३० गुणाले बढेको तथा विश्वको आधाभन्दा बढी जनसंख्या यो रोगको जोखिममा रहेको र एक सय २८ भन्दा बढी मुलुकका तीन दशमलव नौ अर्ब मानिसहरु यस रोगको जोखिम क्षेत्रमा बसोबास गर्न डाक्टर विशालले सहभागीहरुलाई जानकारी गराए । प्रत्येक वर्ष झण्डै ३९ करोड मानिसमा डेंगु रोगको संक्रमण हुनका साथै २० हजारभन्दा बढी व्यक्तिको मृत्यु हुने गरेको तथा समयमै उपचार व्यवस्थापन गर्न सकिएमा मृत्युदरलाई २ प्रतिशतभन्दा कममा झार्न सकिने उनको भनाई थियो । उनले यसका लक्षण बच्ने उपायका बारेमा समेत जानकारी गराए ।

कार्यक्रममा स्वास्थ्य कार्यालय झापाका वरिष्ठ जनस्वास्थ्य प्रशासक मधुसुधन कोइराला, स्वास्थ्य कार्यालय झापाका डेंगु रोगका फोकल पर्सन तथा भेक्टर कन्ट्रोल अधिकृत जीवन चौलागाईं लगायत १५ वटै वडाका जनप्रतिनधिहरु, स्वास्थ्यकर्मीहरु लगायतको सहभागिता थियो ।

# जामका कारण बिरामीको बाटोमै मृत्यु

**झापा, असोज १०।** त्रिभुवन राजपथमा सडक मर्मत तथा ठूला सवारीसाधनले आवागमनमा बाधा पुऱ्याएपछि भएको जामका कारण एक बिरामीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा रौतहटको गौर नगरपालिका-७का ३५ वर्षीय रुपलाल शाह रहेका छन् । रौतहटबाट काठमाडौं आउँदै गरेको ना७ख ५३६४ नंको बसमा मिर्गौला रोगी शाहलाई उपचारका लागि काठमाडौं ल्याइँदै थियो ।

उनको थाक्रे गाउँपालिका-२ हुलाकडाँडास्थित राजमार्गमा बसभित्र आमाको काखमा मृत्यु भएको महादेवबेँसी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक बाबुलाल श्रेष्ठले जानकारी दिए । दुवै मिर्गौलाले काम गर्न छाडेपछि शाहलाई डायलसिसका लागि सार्वजनिक यातायातमा काठमाडौं ल्याइँदै थियो ।

लामो जाममा १२ घण्टाभन्दा बढी समय कुर्नु पर्दा बिरामीको मृत्यु भएको महादेवबेँसीस्थित जनजागृति माविका शिक्षक रामचन्द्र रुपाखेतीले बताए । एम्बुलेन्समा ल्याउन पैसा अभाव भएपछि शाहलाई रात्रिबस चढाएर ल्याइँदै थियो । आमा, भाइ र दाजुसँगै शाह बसमा काठमाडौं आउँदै थिए । आमासँगै सिटमा बसेका शाहकमै उनको काखमै मृत्यु भएको हो । सडक मर्मत र ठूला सवारीसाधनका कारण झण्डै ३० किलोमिटर क्षेत्रमा जाम लागेको थियो ।

एम्बुलेन्ससमेत आवतजावत गर्न नसक्नेगरी सडक चार दिनदेखि अवरुद्ध भइरहेको छ । दशैंका लागि घर निस्केका यात्रु बाटोमै अलपत्र छन् ।

# एनआइसी एशिया बैंकका खातावालालाई बिमा रकम



**भद्रपुर, असोज १०।** एनआईसी एशिया बैंक लिमिटेडले ल्याएको बचत खाताको योजना अन्तर्गत विभिन्न खातावालाहरुलाई बिमा सुविधा अन्तर्गतको बिमा रकम दाबी भुक्तानी गरेको छ ।

एनआइसी एसिया बैंक शाखा कार्यालय कचनकवलले चमत्कारिक बचत खाता योजना अन्तर्गत खातावाहक कचनकवल निवासी पदमा मिश्रलाई स्वास्थ्य बिमा दाबी रकम १० हजार चार सय ३९ रुपैयाँ भुक्तानी गरिएको शाखा प्रमुख प्रविन खड्काले जानकारी दिए ।

खातावाला मिश्रलाई सो रकम बैंक शाखा प्रमुख खड्काले चेकमार्फत शाखा कार्यालयमै हस्तान्तरण गरेका थिए । बैंकलाई आम जनमासले गरेको प्रगाढ विश्वास, स्नेह र बैंक प्रतिको भरोसाले गर्दा एनआइसी एसिया अहिले देशभर तीन सय एक शाखा विस्तार गर्नुका साथै तीन सय ५९ एटिएम सेवा, ७० वटा एक्स्टेन्सन काउण्टर एवम् ४१ वटा शाखारहित बैंकिङ कारोबार गर्दै आइरहेको शाखा प्रमुख खड्काले बताए । आगामी दिनमा यस बैंकको सेवासुविधा थप विस्तार गर्दै लैजाने योजना रहेको उनको भनाई छ ।

# खोलाले बगाएर एक जनाको मृत्यु

**मोरङ, असोज १०।** मोरङको लेटाङ नगरपालिका-२ हाटखोलाका ७५ बर्षीय खड्गकुमार मगरको स्थानीय नक्सल खोलाले बगाएर मृत्यु भएको छ ।

दिसा गर्न खोलामा गएका मगर खोलाले बगाएर मृत अबस्थामा फेला परेको प्रहरीले जनाएको छ । इलाका प्रहरी कार्यालय लेटाङबाट गएको प्रहरीले टोलीले घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको उक्त कार्यालयले जनाएको छ ।

# ट्याक्टरको ठक्करबाट मृत्यु

**मोरङ, असोज १०।** मोरङको पथरीशनिश्चरे नगरपालिका-३ मा ट्याक्टरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पथरीशनिश्चरे नगरपालिका-३ को भित्री सडकखण्डमा उत्तरबाट दक्षिण तर्फ जाँदै गरेको को २ त २८३२ नम्बरको ट्याक्टरले विपरीत दिशाबाट आउँदै गरेको को २६ प ४४६४ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालक रतुवामाई नगरपालिका-१० का ४६ बर्षीय बिमल न्यौपाने घाइते भएका थिए । घाइते न्यौपानेको पथरी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय पथरीले जनाएको छ ।

# गाँजासहित एक पक्राउ

**सुनसरी, असोज १०।** सुनसरीको दुहवी-७ भलुवामा एक केजी गाँजासहित स्थानीय ६५ बर्षीय हकिम पासवानलाई प्रहरीले पक्राउ गरेको छ ।

बिशेष सूचनाको आधारमो इलाका प्रहरी कार्यालय दुहवीबाट गएको प्रहरीको टोलीले पासवानको घर खानतलासी गर्ने क्रममा घरमा लुकाई-छिपाई राखेको अवस्थामा एक केजी गाँजा बरामद गरेको हो ।

# चार विद्यार्थीलाई एक्सेलको छात्रवृत्ति

**बिर्तामोड, असोज १०।** झापाको बिर्तामोडमा मुख्य कार्यालय भई सञ्चालनमा रहेको एक्सेल डेभलपमेन्ट बैंक लि.ले अर्जुनधाराका चार जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको छ ।

अर्जुनधारा नगरपालिकास्थित शनिश्चरे शाखा कार्यालय क्षेत्र अन्तर्गत रहेका तीन विद्यालयका चार जना विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गरेको हो ।

छात्रवृत्ति पाउनेमा श्री प्राथमिक विद्यालयकी देवीका भण्डारी, लक्ष्मी माध्यमिक विद्यालयकी प्रास्ना योङ्गहाङ र अञ्जना प्रधान, बालज्योति प्राथमिक विद्यालयका विशाल बिष्ट रहेका छन् ।

उनीहरुलाई बैंकका बजारीकरण विभाग प्रमुख पंकज घिमिरे र शनिश्चरे शाखाका शाखा प्रमुख भुपेन्द्र बस्नेतले छात्रवृत्ति वितरण गरेका थिए ।

# अर्जुनधारामा जलवायु परिवर्तनको विरोध




**अर्जुनधारा, असोज १०।** झापाको अर्जुनधारा-८ मा रहेको शनिश्चरे माध्यमिक विद्यालय अन्तर्गत रहेको शनिश्चरे बालक्लबको आयोजनामा जलवायु परिवर्तन विरोध कार्यक्रम सम्पन्न भएको छ ।

पृथ्वीको बचाउ अभियानमा आम जनतालाई सुसूचित गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको विद्यालयका प्रधानाध्यापक सीएम खनालले बताए । र्‍यालीमा पर्यावरणको रक्षा: सबैको सुरक्षा, वातावरण शीतल भएमा सजिलोसँग विद्यालय जान्छौं, जलवायु परिवर्तन रोकौं: पृथ्वी बचाऔं, हाम्रो पृथ्वी हाम्रो भविष्य लगायतका नारा लेखिएको प्लेकार्ड बोकेका कक्षा ६ देखि १२ सम्मका विद्यार्थीहरु, शिक्षकहरु लगायतको सहभागिता रहेको थियो ।

विद्यालय परिसरबाट शुरु भएको उक्त र्‍याली शनिश्चरे बजार हुँदै नगरपालिकाको मुख्य कार्यालय परिसरमा कोणसभा परिणत भई पुनः विद्यालय परिसर पुगेर सम्पन्न भएको थियो । क्लबकी अध्यक्ष डोल्मा शेर्पाको अध्यक्षतामा आयोजित कार्यक्रममा क्लबका संरक्षक शिक्षक रुद्र खतिवडा, इको क्लबका संरक्षक शिक्षक जीवन धिताल लगायतले जलवायु परिवर्तनका विषयमा आफ्ना धारणा व्यक्त गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष युवराज नेपाल, समितिका सदस्य महेश ढकाल, शिक्षक-अभिभावक संघका अध्यक्ष मोहन पौड्याली लगायतको आतिथ्य रहेको थियो । जलवायु परिवर्तन विरोध कार्यक्रम प्रत्येक वर्ष सेप्टेम्बर २० देखि २७ तारिखसम्म विश्वभर सप्ताहव्यापी कार्यक्रमकोरुपमा मनाउने गरिएको छ ।

# दश लाख युवा परिचालन गरिँदै

**झापा, असोज १०।** सरकारले घोषणा गरेको 'युवा परिचालन वर्ष'मा १० लाख युवा परिचालन गर्ने तयारी थालेको छ । युवा तथा खेलकुद मन्त्रालयले यस आर्थिक वर्षमा युवालाई विभिन्न क्षेत्रमा परिचालन गर्न कार्यक्रमको खाका माग गरेको छ ।

खाका माग गर्न मन्त्रालयका सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा युवा परिचालन कार्यक्रम मस्यौदा समिति गठन गरिएको छ । उक्त समितिमा युवासम्बन्धी सरोकार रहेका अरु मन्त्रालयको समेत प्रतिनिधित्व रहनेछ । मन्त्रालयका युवा परिचालन तथा परामर्श शाखाका प्रमुख कृष्णप्रसाद बस्यालले समितिले युवा परिचालन वर्ष मनाउनका लागि के-कस्ता कार्यक्रम गर्ने भनेर युवासम्बन्धी काम गर्न खाका माग गरेको बताए ।

उनले युवा परिचालन वर्ष मनाउने भने पनि कुन विषयमा कार्यक्रम गर्ने भन्ने नीति उल्लेख नगरिएकाले विषयगत मन्त्रालयसँग खाका माग गरिएको जानकारी दिए । मन्त्रालयले युवाका क्षेत्रमा के गर्न सकिने र नसकिने सम्बन्धमा खाका माग गरेको हो । साउनदेखि नै युवा परिचालनका कार्यक्रम सञ्चालन भइरहेका छन्- उनले भने- तर, युवाका क्षेत्रमा विशिष्टकृत कार्यक्रम सञ्चालनका लागि युवासम्बन्धी काम गर्ने मन्त्रालयसँग प्रस्ताव माग गरिएको छ ।

सरकारले आर्थिक वर्ष २०७६/७७ को बजेटमार्फत युवा परिचालन वर्ष घोषणा गरेको थियो । सरकारले राष्ट्रिय युवा नीति-२०७२ र युथ भिजन-२०२५ सहित १० वर्षे रणनीतिक योजनामा समेटिएका युवाका कुरालाई लक्षित गरेर परिचालन वर्ष सञ्चालन गर्ने बस्यालले बताए । नीतिको सार्थक सहभागिता, क्षमता र नेतृत्व विकासका माध्यमबाट युवालाई राष्ट्रिय विकासको मूलधारमा समाहित गर्दै समृद्ध, आधुनिक र न्यायपूर्ण नेपाल निर्माण गर्ने युवाको भूमिका र उनीहरुमा रहेको अन्तरनिहीत क्षमतालाई गुणात्मक बनाउनु रहेको छ ।

यस्तै युथ भिजनले युवाको शिक्षा, रोजगारी, स्वास्थ्य र सामाजिक सुरक्षा, सहभागिता र नेतृत्व विकास तथा खेलकुद र मनोरञ्जन क्षेत्रमा विकास गर्ने लक्ष्य लिइएको छ ।

राष्ट्रिय युवा परिषद्ले विभिन्न १० क्षेत्रमा युवालाई परिचालन गर्नेछ । परिषद्ले कृषि उत्पादनमा युवा, पर्यटन प्रवर्द्धनमा युवा, सार्वजनिक शिक्षा सवलीकरणमा युवा, वातावरण संरक्षणमा युवा, अन्धविश्वास लैङ्गिक हिंसा जातीय विभेद तथा छुवाछूतविरुद्ध युवा, उद्यमशीलतामा युवा र सुशासनमा युवालाई परिचालन गर्नेछ ।

यसैगरी विपद् व्यवस्थापन तथा स्वयमसेवकीय कार्यमा युवा परिचालन, परम्परागत सीपको विकास तथा संरक्षणमा युवा र स्वस्थ्य तथा खेल सचेतनामा युवालाई परिचालन गर्नेछ । परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुङ्गेलले ती क्षेत्रमा १० लाख युवा परिचालन गरिने बताए । उनका अनुसार मङ्सिरभित्रमा कुन मन्त्रालयले के गर्ने भन्ने निर्क्योल गर्ने, पुसमा प्रदेश र माघको १५ गतेभित्र स्थानीय तहमा के कार्यक्रम गर्ने भन्ने स्पष्ट खाका प्रस्तुत गरिनेछ ।

# वासुमा शुभकामना आदानप्रदान

**दुहागढी, असोज १०।** झापा दुहागढी स्थित बाल सुवोधिनि आधारभूत विद्यालयमा बडा दशैंको शुभकामना आदानप्रदान तथा परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नवगठित विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक शिक्षिकाबीच परिचयात्मक कार्यक्रम गरिएको थियो । सोही कार्यक्रमका बीच बडा दशैं पर्वको शुभकामना आदानप्रदान तथा चियापान कार्यक्रम समेत गरिएको थियो । कार्यक्रममा बालक्लबका अध्यक्ष अभिषेक कटुवाल, शिक्षक देबेन्द्रबहादुर थापा, पूर्व विद्यार्थी समाजका अध्यक्ष बद्री महत, शिक्षक अभिभावक संघका अध्यक्ष श्रवणकुमार राजवंशी लगायतले मन्तव्य राखेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बाबुलाल सुब्बाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन प्रधानाध्यापक विश्व थापाले गरेका थिए ।

**होटल तु-विक्रीमा**

बिर्तामोडस्थित महेन्द्र राजमार्गसँग जोडिएको अति चालू अवस्थाको होटल तु-विक्रीमा छ ।
सम्पर्कः ९८१४९९७८८७

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।








**झापाको बिर्तामोड नपा– १० स्थित उपवन तथा समाधिस्थल संरक्षण प्रतिष्ठानमा रहेको दाहसंस्कार समाधिस्थल । यस क्षेत्रमा आदिवासी जनजाति समुदायका मानिसहरुले मृतकको कंक्रिट समाधि (चिहान) निर्माण गर्ने गरिएको भए पनि पछिल्लो समय यहाँ दाहसंस्कार गर्ने गरिएको छ ।** **तस्विर : रत्नबहादुर बस्नेत/पूर्वाञ्चल**

# सुखानीको २२औं सभा

**अर्जुनधारा, असोज १०।** सुखानी सामुदायिक वन उपभोक्ता समूहको २२औं साधारणसभा सम्पन्न भएको छ ।

समूहका अध्यक्ष लक्ष्मीप्रसाद चापागाईंको अध्यक्षता र माई सब डिभिजन कार्यालयका प्रमुख सुरज निरौलाको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा स्वागत उपाध्यक्ष मंगलसिंह लिम्बूले गरेका थिए । कार्यक्रममा समूहका अध्यक्ष चापागाईंले संस्थाको प्रगति प्रतिवेदन र कार्यालय सचिव खगेन्द्र भट्टराई मलेप प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रस्तुत प्रतिवेदनमा गत आर्थिक वर्ष २०७५/०७६ मा ५५ लाख ३१ हजार आठ सय ७८ रुपैयाँ ६३ पैसा बराबरको आर्थिक कारोबार गरेको उल्लेख गरिएको छ ।

नजिकिँदै गरेको विजया दशमीलाई लक्षित गरि समूहका विपन्न आठ जना उपभोक्तालाई कार्यक्रममा ३० केजीका दरले चामल वितरण गरिएको थियो । चामल पाउने उपभोक्ताहरुमा आरती राई, गोपाल राई, गोमा पौड्याल, धनबहादुर लावती, धनमाया विश्वकर्मा,



श्यामकुमारी तामाङ, श्यामबहादुर बुर्जा र हरिमाया विश्वकर्मा रहेका छन् ।

कार्यक्रममा अर्जुनधारा नगर कार्यपालिका सदस्य दिलमाया दास, माई-४ का वडाध्यक्ष सूर्य दुलाल, अर्जुनधारा नगर सभा सदस्य सीताराम भट्टराई, नेपाली कांग्रेस अर्जुनधारा नगर समितिका सदस्य ईश्वर खवास, नेपाली कांग्रेस माई नगर समितिका सचिव दिपेन्द्र पौड्याल, नेपाल कम्युनिष्ट पार्टी (नेकपा) वडाका प्रतिनिधि डम्बर खजुम, समूहका सल्लाहकार समितिका संयोजक धनबहादुर तामाङ लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको सञ्चालन समूहकी सचिव रेनुका खवासले गरेकी थिइन् ।

# मौसमी रुघाखोकीका लक्षण र बच्ने उपाय



मौसमी रुघाखोकी ज्वरोले विभिन्न उमेर समूहका व्यक्तिहरु बिरामी हुने गर्दछन् । यो रोगको प्रकोप नेपालका विभिन्न भूभागमा समय समयमा देखिने गरेको छ । वर्षा यामको शुरु तथा अन्त्य, जाडो यामको शुरु तथा अन्त्यमा साधारणतया रुघाखोकी ज्वरो, इन्फ्लुएञ्जाका विरामी बढी देखिने गर्दछन् ।

**लक्षण**

- ज्वरो आउने (१००.४ डीग्री फरेनहाइटभन्दा बढी)
- टाउको दुख्ने
- घाँटी दुख्ने
- रुघाखोकी लाग्ने
- श्वास फेर्न गाह्रो हुने
- बच्चाहरुलाई झाडा पखाला समेत हुन सक्छ

**बच्ने उपाय**

- खोक्दा हाच्छिउँ गर्दा सफा कपडा वा रुमाल वा पाखुराले नाक, मुख छोप्ने गरौं ।
- साबुन पानीले मिची मिची हात धुने गरौं ।
- पोषिलो र झोल पदार्थ प्रशस्त मात्रामा पिउने गरौं ।
- ज्वरो आएको व्यक्तिले नगुम्सिएको, हावा ओहोर दोहोर हुने कोठामा आराम गरौं ।
- आनावश्यक रुपमा मानिसहरुको भीडभाड भएको ठाउँमा नजाऔं ।
- ज्वरो रुघाखोकी लागेको विरामीको घरेलु उपचारबाट स्वास्थ्यमा सुधार नभएमा आवश्यक उपचारको लागि नजिकको स्वास्थ्य संस्थामा लैजाऔं ।
- शंकास्पद रोगी व्यक्तिबाट सकभर टाढै बसौं ।
- आँखा, नाक तथा मुखमा अनावश्यक रुपमा हात नलैजाऔं ।
- सकभर अरु व्यक्तिहरुसँग हात नमिलाउने, नमस्कार गरौं ।
- अरुले प्रयोग गरेका रुमाल, कपडा प्रयोग नगरौं ।
- नाक, मुख छोप्दा प्रयोग भएका रुमाल राम्ररी धोएर वा सफा गरेर मात्र पुनः प्रयोग गरौं ।

# लहरे खेतीबाट लखपति



**झापा, असोज १०।** झापाको अर्जुनधारा-५ मा साझेदारीमा कृषि फार्म सञ्चालन गरेका मामा भक्तबहादुर भुजेल र भाञ्जा निर्मल अधिकारी लहरे तरकारी खेती गरेरै लखपति बनेका छन् ।

उनीहरुले फार्मको नाम पनि ‘मामा-भाञ्जा सिर्जनशील कृषि फार्म’ राखेका छन् । वैदेशिक रोजगारीबाट फर्किएपछि गाउँघरमै बसेर आधुनिक खेती गर्नु उचित ठान्दै लहरे तरकारी खेतीमा होमिएको मामा भक्तबहादुर भुजेल बताउँछन् । उनीहरुको फार्ममा बेमौसमी लहरे तरकारी खेती लहलहाएको छ । यसैबाट दुवै मेहनती भएको पुष्टि हुन्छ । तरकारी बेचेर वार्षिक रु. १८ लाख नाफा हुने भाञ्जा निर्मल अधिकारी बताउँछन् । शुरुमा फार्म खोल्दा आठ कट्ठा जमिन लिजमा लिएको र मनग्यै आम्दानी दिन थालेपछि हाल १२ बिगाह थप जग्गा लिजमा लिएर तरकारीको व्यावसायिक खेती गरिरहेको उनीहरु बताउँछन् ।

मामा-भाञ्जा फार्ममा जुनसुकै मौसममा करेला, बोडी, काँक्रा र टमाटर लटरम्म फलेका हुन्छन् । ‘पानी जम्ने तीन बिगाहमा धान फलाउँदैछौं’ -कृषि कर्मबाट सन्तुष्टि मिलेको जनाउँदै भक्तबहादुर भन्छन्- ‘धान काटेपछि त्यहाँ फेरि टमाटर लगाउँछौं ।’

उत्पादन भएको तरकारीको बजारमा समस्या छैन । नजिकको बिर्तामोड, शनिश्चरे, चारपाने, चारआली लगायतका बजारमा तरकारी खपत हुने गरेको छ । बोडी प्रतिकिलो रु. ६०, करेला रु. ५० देखि ६० र काँक्रा रु. ४५ मा बिर्तामोडस्थित कृषिथोक बजारमा लगेर बेच्ने गरिएको उनले बताए ।

मामा-भाञ्जा फार्ममा यतिबेला एक बिगाहमा काँक्रा, डेढ बिगाहमा करेला र आठ कट्ठामा बोडीले धमाधम आम्दानी दिइरहेको छ । बाँकी जग्गामा बिरुवा हुर्किरहेका छन् । फार्ममा काम गर्नका लागि स्थानीय १५ युवाले रोजगारी समेत पाएको बताउँदै फार्म सञ्चालक अधिकारी भन्छन्- ‘अर्काको मुलुकमा गुलामी गर्नुभन्दा आफ्नै देशमा पसिना बगाउनु धेरै जाति ।’

अर्जुनधारा नगरपालिकाले परिश्रमी किसान अधिकारी र भुजेललाई औजार खरिदमा गत आर्थिक वर्षमा रु. ६० हजार अनुदान दिएको थियो । अधिकारी नगरपालिकाले किसानबाट उत्पादित तरकारी बेच्न बिक्री कक्ष खोलिदिने हो भने विचौलियाबाट जोगिन सकिने बताउँछन् । मामा र भान्जाले मज्जाले कृषि फार्म चलाएको देखेर अर्जुनधारा-५, ८ र ११ मा डम्बर चौधरी र उनका भाइले ‘दाजुभाइ कृषि फार्म’ भर्खरै स्थापना गरेका छन् ।

उनीहरुले सय हेक्टर जग्गा लिजमा लिएर प्रधानमन्त्री कृषि परियोजना विकास अन्तर्गत तरकारीको पकेट क्षेत्र नै तोकेर काम शुरु गरेको कृषि ज्ञान केन्द्रका प्राविधिक शेषराज पौडेलले बताए । आधुनिक प्रविधिबाट गरिने तरकारी खेतीका लागि कृषि ज्ञान केन्द्रले यस परियोजनालाई रु. २५ लाख अनुदान प्रदान गरेको छ ।

# उमेश र भवानीलाई उपाधि

**मेचीनगर, असोज १०।** विश्व पर्यटन दिवसको अवसर तथा नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भमा झापाको मेचीनगरमा सम्पन्न महिला तथा पुरुष खुला मिनि म्याराथनको उपाधि पुरुषतर्फ तेह्थुमका उमेश कन्दङ्वा तथा महिलातर्फ मेचीनगरकी भवानी कामतले जितेका छन् ।

प्रतियोगितामा पुरुषतर्फ ७५ तथा महिलातर्फ २५ धावक गरी कूल एक सय धावक सहभागी थिए । झापाको धुलावारीबाट काँकरभिट्टासम्मको छ किलोमिटरको दुरी कन्दङ्वाले १९ मिनेट तथा कामतीले २५ मिनेट १६ सेकेण्डमा पार गरेका थिए । दुवैले नगद सात/सात हजार रुपैयाँ प्रमाणपत्र प्राप्त गरेका थिए ।

त्यसैगरी पुरुषतर्फ २० मिनेट १५ सेकेण्डमा दुरी पार गर्दै तेह्थुमकै अञ्जित दर्जी दोस्रो तथा मेघराज राई २० मिनेट २० सेकेण्डमा दुरी पार गर्दै तेस्रो भए । दुवैले क्रमशः पाँच हजार तथा तीन हजार नगदसहित प्रमाणपत्र प्राप्त गरे । महिलातर्फ २५ मिनेट २६ सेकेण्डमा निर्धारित दुरी पार गर्दै सन्ध्या शर्मा शिवाकोटी दोस्रो तथा २५ मिनेट ५९ सेकेण्डमा दुरी पार गरेर सलिना तामाङ तेस्रो भइन् । दुबैले क्रमशः पाँच हजार तथा तीन हजार नगदसहित प्रमाणपत्र प्राप्त गरे । विजयी धावकहरुलाई १ नम्बर प्रदेश सरकार अन्तर्गतको उद्योग पर्यटन वन तथा वातावरण मन्त्री जगदिशप्रसाद कुसियत, १ नम्बर प्रदेशसभा सदस्यहरु गोपालचन्द्र बुढाथोकी, श्रीप्रसाद मैनाली, रोटरी क्लब अफ काँकरभिट्टाका अध्यक्ष मोहन



निरौला, मेची उद्योग वाणिज्य संघ मेचीनगरका अध्यक्ष ऋषि तिम्सिना लगायतले पुरस्कार प्रदान गरेका थिए । मेचीनगर नगरपालिकाका प्रमुख विमल आचार्यले प्रतियोगिताको उद्घाटन गरेका थिए । उपप्रमुख मीना पोखरेल उप्रेतीको आतिथ्य रहेको कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक उदयकुमार श्रेष्ठ र रोटरीका सुजन प्रधानले गरेका थिए ।

खेलकुदको माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेण्ट प्रदेश नम्बर १, मेची उद्योग बाणिज्य संघ मेचीनगर, रोटरी क्लब अफ काँकरभिट्टा तथा रोट्र्याक क्लब अफ काँकरभिट्टाले संयुक्तरुपमा प्रतियोगिता आयोजना गरेको नेपाल एशोसिएशन अफ टुर एण्ड ट्राभल एजेण्ट प्रदेश नम्बर १ का संस्थापक महासचिव उदयकुमार श्रेष्ठले बताए ।

# वडाध्यक्षको छोरालाई कैची प्रहार गर्ने पक्राउ

**धरान, असोज १०।** धरान-९ गौतमपथस्थित बिमल श्रेष्ठ सञ्चालक रहेको अपएरो नामक कपडा पसलमा कपडा खरीद गर्न गएका पुजन लिम्बूलाई छुरी प्रहार गर्ने एक युवालाई प्रहरीले पक्राउ गरेको छ । लिम्बू धरान-१९ का वडाध्यक्ष पूर्ण लिम्बूका छोरा हुन् । लिम्बूलाई पसलमै आक्रमण भएको थियो ।

पसलमा कपडा हेरी रहेका बखत धरान-९ गौतमपथ बस्ने २५ वर्षीय अब्दुल भन्ने कलाम मियाँले कपडा काट्ने कैचीले निज पुजनको दाहिनेतर्फको कोखा र पछाडि ढाडको भागमा तीन ठाउँमा प्रहार गरी गम्भीर घाइते बनाएका थिए ।

घटनालगत्तै फरार रहेका मियाँलाई धरान-२ भानुचोकमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गरिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक ढुण्डीराज न्यौपानेले जानकारी दिए । मियाँविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता प्रक्रियामा रहेको र घटनाको कारणबारे अनुसन्धान थालिएको प्रहरी नायब उपरीक्षक न्यौपानेले जनाए ।

घाइते पुजनको धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ । उनको कोखाबाट आन्द्रा निस्किएकाले शल्यक्रिया गरिएको थियो । घाइतेलाई सर्जरी वार्डमा राखिएको र उनको अवस्था सामान्य रहेको चिकित्सकले जनाएका छन् ।

## यसकारण चल्नुपर्छ
# ‘रातो टिका निधारमा’

नेपाली फिल्मकी लिडिङ एक्ट्रेस हुन्- साम्राज्ञी आरएल शाह । सिंगो फिल्म आफ्नो काँधमा बोकेर हिँड्न सक्ने अभिनेत्री हुन् उनी । त

यसैले नेपाली फिल्ममा उनको माग चर्को छ । माग अनुसार उनको पारिश्रमिक पनि कम महँगो छैन । एक फिल्मका लागि १६ लाखसम्म बुझ्ने गरेकी छन् । उनको स्टारडमलाई हेरेर निर्माताहरू यो रकम तिर्न खासै सोच्दैनन् । उनलाई लिएपछि फिल्म सफल हुने विश्वास मेकरमा छ ।

अभिनेतामा अहिलेका 'हटकेक' अनमोल केसी स्टारर फिल्म 'ड्रिम्स' बाट सानदार डेब्यू गरेकी उनको दोस्रो फिल्म 'ए मेरो हजुर २' थियो । दुबै फिल्मले बक्सअफिसमा मनग्य पैसा छापे । र, उनको स्टारडम पनि उत्कर्षमा पुग्यो । अहिलेसम्म उनी यी दुई फिल्मकै ब्याज खाएर बसेकी छन् । किनकि, त्यसपछि उनले गरेका कुनै फिल्मले निर्माता बचाएका छैनन् । न त उनले आफ्नो अभिनयको वाहवाही नै बटुल्न सकिन् ।

वर्षमा दुईभन्दा बढि फिल्म नगर्ने साम्राज्ञीको गएको दुई वर्षमा 'कायरा', 'तिमीसँग' र 'इन्टु मिन्टु लण्डनमा' गरी तीन फिल्म प्रदर्शनमा आए । गएको महिना उनको नयाँ फिल्म 'मारूनी' प्रदर्शनमा आएको थियो । तर, यी चारै फिल्म बक्सअफिसमा असफल ठहरिए । यद्यपि, चार फिल्ममध्ये 'इन्टु मिन्टु लण्डनमा' ले केही हदसम्म राम्रो व्यापार गरेको थियो । तर, घरेलु बजारबाटै लगानी उठाउन भने सकेन । ओभरसिजको कमाईले निर्माता सुरक्षित भएका थिए ।

एकपछि अर्को फिल्मको असफलताले साम्राज्ञीको स्टारडममाथि प्रश्न उठ्न थालेको छ । यसबीच, उनको नयाँ फिल्म 'रातो टिका निधारमा' शुक्रबारबाट देशव्यापी प्रदर्शनमा आएको छ । यसमा उनी पहिलो पटक गाउँले भूमिकामा देखिएकी छिन् । अशोक शर्मा निर्देशित फिल्ममा उनले नव-अभिनेता अंकित शर्मासँग रोमान्स गरेकी छन् । अंकित निर्देशक शर्माका छोरा हुन् । यो फिल्मलाई लिएर साम्राज्ञी निकै आशावादी छिन् ।

'रातो टिका निधारमा' उनका लागि कुनै पनि हालतमा चल्नैपर्ने दबाब छ । 'ड्रिम्स' र 'ए मेरो हजुर २' पछि उनको खातामा सुपरहिट फिल्मको संख्या थपिन सकेको छैन । हिटभन्दा फ्लप फिल्मको धनी हुँदै गएकी उनलाई आफ्नो करिअर पुनः उत्कर्षमा फर्काउन यो फिल्मको सफलता निकै महत्वपूर्ण छ । फिल्म असफल भएको खण्डमा उनको स्टारडममाथि फेरि प्रश्न उठ्नेछ ।

जसले उनको करिअरमा असर गर्न सक्छ । अर्को भनेको, उनले अहिलेसम्म फिल्ममा गाउँले युवतीको भूमिका निर्वाह गरेकी थिइनन् । डेब्यू फिल्म 'ड्रिम्स' देखि पछिल्लो रिलिज फिल्म 'मारूनी' सम्म उनी शहरिया युवतीको भूमिकामा देखिइन् । गएको डेढ वर्ष अगाडि निर्देशक अशोक शर्माले फिल्म 'जय भोले' अफर गर्दा उनले गाउँले रोल भएका कारण अस्वीकार गरेको भन्दै ठूलो हल्लाखल्ला भयो । यसले उनलाई विवादमा पनि ल्यायो । पछि दुबैले यसको खण्डन गरे ।

दर्शकको मस्तिष्कमा साम्राज्ञीले गाउँले भूमिका मन नपराउने छाप बसेको छ । र, हरेक फिल्ममा शहरिया युवतीको भूमिका निभाएका कारण उनलाई गाउँले भूमिका नसुहाउने टिका-टिप्पणी पनि भइरहेको छ । यी सबै कुरालाई गलत प्रमाणित गर्न उनका लागि यो फिल्मको सफलता एकदमै आवश्यक छ । त्यस्तै, एकपछि अर्को घटनाले निम्त्याएको विवादका कारण उनको क्रेज खस्किएको विश्लेषण समेत गर्न थालिएको छ ।

यसको जवाफका लागि पनि 'रातो टिका निधारमा' को व्यापारिक सफलता उनलाई महत्वपूर्ण मानिएको छ । गीत-संगीत र ट्रेलरले फिल्मको राम्रो हाइप निर्माण गरेको छ । दशैंको घटस्थापनाको छेकोमा प्रदर्शन हुने भएकाले फिल्मले बक्सअफिसमा नाफाको व्यापार गर्ने फिल्म पण्डितहरूको अनुमान छ । तर, कुनै फिल्मको सफलता र असफलता त्यसको कन्टेन्टमा निर्भर रहन्छ । आशा गरौं, यो फिल्मले दर्शकको अपेक्षा पूरा गर्नेछ र साम्राज्ञीलाई राहत दिनेछ ।




UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक बिदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरू. | ओ.टी./ बार्षिक विदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६०,००० | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसंग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ ।

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट असोज १२ गते (29 Sept. 2019) आइतवार होलिडे होम बिर्तामोडमा हुनेछ ।

सन लाइट ह्युमन रिर्सोस प्रा.लि.
Lic No. 689/063/064
सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौ फोन ०१-४३८४८८
मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813